CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्तामलक
र
आत्मनिष्ठा

☆

द० ६३२५
वा०वि०पी०, पुस्तकालय,
मू० २।–

आंशिक आरक्षित

☆

लेखक

ब्रह्मनिष्ठ डा० चितीशचन्द्र चक्रवर्ती

ए, डि. फिल, बि. एल.

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हस्तामलक
र
आत्मनिष्ठा

☆

लेखक
नेपाल राजकीय महाविद्यालयको गीताशास्त्र आदिका
भूतपूर्व प्राध्यापक ब्रह्मनिष्ठ ड्रा० क्षितीशचन्द्र चक्रवर्ती
एम, ए. डि, फिल, बि. एल. संस्थापक–अद्वैत संस्था
कुलपति–अद्वैत महाविद्यालय

☆

प्रकाशक
श्री शारदा देवी "अद्वैत विदुषी"
नारायणगढ़ चितवन, नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

☆ प्रकाशक

शारदा देवी "अद्वैत विदुषी"
नारायणगढ़, चितवन नेपाल ।

☆ सम्वत् २०२५ जेष्ठ

☆ प्रथम संस्करण १०००

☆ मूल्य ३।

☆ मुद्रक

साक्षात्कार छापाखाना
नारायणगढ़, चितवन
नेपाल ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विषम--सूची

"हस्तामलक"

१. देहादि अनात्मा हो अज्ञान कल्पित
५. आत्मा हो ज्ञान स्वरुप
७. अवस्थात्रय हो आफ्नो वास्तव स्वरुपमा बुद्धि द्वारा कल्पित
९. जागरण
११. स्वप्न
१३. सुषुप्ति
१४. हाम्रो वास्तव स्वरुप

आत्मनिष्ठा

२०. दृश्य हो मिथ्या द्रष्टा हो अद्वैत
२०. जाग्रत हो स्वप्नको झैं
२०. त्रिपुटी हो मिथ्या
२०. निश्चय अनुसार अनुभव हुन्छ
२१. स्वरुपको अनवधान बाट जगतको प्रतिति
२१. जगत हो प्रकाशरुप
२१. दृश्य परित्याग गरे स्वरुपको साक्षात्कार हुन्छ
२१. जान्नु के लाई भनेको छ ? २१. को जान्दछ ?
२२. अद्वैत संस्थाको अर्थ के हो ?
२२. स्वरुपको सर्वदा स्मरण को गरीरहन्छ ?
२३. ज्ञान रक्षा ? २३. विस्मरणको फल
२३. अद्वैत संस्थाको सभ्यहरूको स्वभाव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

२३. सदस्य नभएमा हानि
२४. संकल्प र प्रत्यक्ष देखिएको पदार्थको भित्र भेद
२४. सारा भावनाको परित्याग
२४. भावनालाई किन परित्याग गर्नु
२५. भावना आउँछ र हराईहाल्छ
२५. संस्कार बाँकि रहन्छ २५. संस्कार वास्तव हैन
२५. अविद्या नासलाई साक्षात्कार भनेकोछ
२६. म परिच्छिन्न सुख युक्त पुरुष हैन
२६. साक्षात्कारको साधन २६. ईच्छा परित्याग
२६. भावना वसात अनुभव हुन्छ २७. शरीरको तुच्छता
२७. आनन्दमयकोष लंघन भए आत्म साक्षात्कार उदित हुन्छ
२८. विवेक र विचार
२८. तिमी जीव हैन, ईश्वर तिमी देखि भिन्न कुनै वस्तु हैन
२८. ब्रह्म भाव २८. साक्षि भाव (श्रष्टा भाव) सुषुप्ति र जाग्रतको सन्धि (उत्थानकाल)
२९. जाग्रतकाल जीव भाव २९. म कसरी परमात्मा हुन सक्ने ?
३०. शास्त्रको विद्वान पुरुष भोक्ता भावमा स्थित रहन्छ
३१. कर्ता भाव भोक्ता भाव हो परस्पर विजरित (सम्मिलित)
३६. अन्तवाहक भाव ३३. आधि भौतिक भाव

परिशिष्ठ

३६. आवरणको नाश कति कुरा हो ?
४०. मगन भए पुग्छकि ?
४१. दृश्यलाई परित्याग गर्नुको अर्थ के हो ?
४४. मनलाई कसरी शान्त तुल्याउनु पर्छ ?
४६. सदस्यहरूलाई पदक दिनेको आसय
४७. अद्वैत संस्था द्वारा निर्मित ग्रन्थको संक्षिप्त परिचय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ग्रन्थप्रसस्ति

यो सानो लघुग्रन्थ भएता पनि यो ग्रन्थ हो साक्षात् जीवको मोक्ष (परमसुखप्राप्ति) को असाधारण ग्रन्थ । यो ग्रन्थमा "गौड़पादीय शिद्धान्त अनुसार आफ्नो सत्य र चैतन्य आनन्द स्वरुपलाई अवस्थाहरूको स्पष्ट निरुपण पूर्वक हस्तगत अमला झैं प्रकट गरिएकोछ। आफ्नो नित्य ब्रह्मस्वरुप प्राप्त गर्न यो ग्रन्थ भन्दा मुमुक्षु पुरुषले अरू कुनै ग्रन्थको आसरा लिनुको आवश्यक छैन ।

परमात्माको प्रेरणा यो कलिकालमा जीवनको अवधि ज्यादै छोटो हुनाले, छोटो अवधि मैं जीव मुक्त हुन सकोस् भन्ने कामना राखी ग्रन्थकारले महान परिश्रम पूर्वक सम्पूर्ण शास्त्रको मन्थन र त्यसको साक्षात् अनुभव गरी त्यो अनुभवको सार यो ग्रन्थमा प्रकट गरिएकोछ।

हस्तामलक हस्तप्राप्त अमलाझैं जीवको अपरिवर्तनिय वास्तव सुख-स्वरुपलाई प्रदर्शन गरेकोछ, त्यसरी नै आत्मनिष्ठारुप अर्को भागले पाश्चात्य दार्शनिकहरूको अन्तिम सिद्धान्त कहांसम्म छ र वेदान्तको अतिसूक्ष्म, वृत्ति, संस्कार अहंकार (भोक्ता आनन्दमय) सम्वन्धी विषयहरूलाई मार्जिन भागमा स्पष्टगरी ग्रन्थ दर्शन कर्ताको लागि अत्यन्त सुलभ तुल्याइएकोछ । फेरी प्रत्यक्ष देखिएको जगत कसरी सङ्कल्प रूप हो र भावना, संस्कार, अविद्यालाई र आनन्दमय भोक्ता भावलाई

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लंघन गर्ने कतिपय युक्ति र अनुभूति पूर्बक प्रदर्शित गरिएको छ ।

यस प्रमाण्य ग्रन्थ द्वय बाट ग्रन्थ कर्ताको ब्रह्मसाक्षात्कार प्रमणित भएकोछ । यसरी योगवाशिष्ट जस्तो अत्यन्त महान शास्त्रलाई यो आत्मनिष्ठा ग्रन्थमा सरल र सारग्राही रुपले स्पष्ट प्रकट गरिएकोछ । जसद्वारा प्राश्चात्यदर्शनको पराकाष्ठाको रहस्य फेलापर्छ । हिन्दू दर्शनको मूलस्तम्भ-अद्वैत संस्थाको अर्थ र सदस्यहरूको स्वभाव पनि यस ग्रन्थ रत्नमा प्रदर्शित गरिएकोछ ।

यसरी सहजले यो ग्रन्थद्वयको श्रवण बाट संसारनिष्ठाको परित्याग पूर्वक (किनकि मानिस प्रमाता नहुनाले संसारको निष्ठा स्वतः गर्न सक्दैन) आत्मस्वरुपको निष्ठावान वनी आत्मस्वरुपको सहज साक्षात्कार प्राप्त गर्न सक्दछ । यसमा कुनै नया यत्न (प्रमाता वनिकन कल्पित कुनै सहारा लिकन) द्वारा कृत्रिम मुक्तिलाई प्राप्त गराएको छैन । भूलबाट खड़ा भएको जीव भावलाई यो ग्रन्थको ?।४ पल्ट हेर्नुबाट किम्वा श्रद्धाले सुन्नुबाट मात्रले भुल्को निवृत्ति भैहाल्छ र आफ्नो बास्तव स्वरुप प्राप्त भै हाल्छ जो सधैं प्राप्त थियो ।

यसरी एक मात्र जीवले आफ्नो वास्तव स्वरूपको भुलले पाई राखेको जन्म, जरा, व्याधि रुप शोक तापलाई यो ग्रन्थको अभ्यासले साक्षात् रुपल विनाश (आफ्नो शोक, ताप रहित चैतन्य स्वरुपलाई प्राप्ति पूर्वक) गरिदिन्छ ।

यस प्रकार जसरी भगवान वशिष्ट रामको शोकलाई र भगवानकृष्ण अर्जुनको शोकलाई नष्ट गरी जीवनमुक्त तुल्याई दिनु भभएको थियो त्यसरी नै यो कलिकालमा परम

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दयालु परमात्माको प्रेरणा र श्रीपूण्यमूर्ति नरेशको र १ करोड नेपाली जनताको पुण्य पुञ्जको बलले ग्रन्थकर्तालाई नेपालदेशमा प्राप्त गराई अधिकारी आस्तिक सज्जन पुरुष-हरूको उद्धारको लागि एस्तो सरल नेपाली ग्रन्थरत्नहरूको निर्माण र स्वयं आफुनै वेला, वेलामा कतिपय पुण्यक्षेत्र नेपाल भागमा भ्रमणपूर्वक शोकमोहको नष्ट र आत्मज्ञानको मार्ग प्रदर्शन गराउनु भएकोछ । यो हो ग्रन्थकर्ताको निस्वार्थ सेवा किम्बा सहज ब्रह्म साक्षात्कारको असाधारण लक्षण र नेपाली पुण्यात्माहरू प्रति परमात्मा प्रशन्नताको सम्पूर्ण लक्षण । शास्त्र मा उल्लेखछ धन, जन प्राप्ति ईस्वरप्रसन्नताको परिचायक होईन । सद्गुरूको प्राप्तीनै ईस्वर प्रसन्नताको लक्षणहो । यस्तो सद्गुरू (जस्ले शिष्यको शंखा समाधानपूर्वक स्वरूपज्ञान दिलाई दिन्छ) " परमेश्वर जस्तो अति दुर्लभ हुन्छ " गीतामृत पृष्ठ ३३

यस्तो दयावानगुरू, जस्को कृपाले, अद्वैतसंस्था, अद्वैत महा-विद्यालय, अद्वैत विद्यालय सरस्वतीसंप्रदाय र अद्वैत-विश्वविद्याल-यको निर्माण पूर्वक वर्तमान पूण्यात्मा नेपालीको मात्र हैन भावि कतिपय सन्तानको उद्धारको बाटो निर्माण गरी सक्नु भएकोछ । यस्तो शङ्कराभिन्न–साक्षात उत्तरकालीन शंकरावतार गुरुदेवको-दीर्घायु कामनाको साथ यस्ना भवसागर तारक ग्रन्थ प्रकाशित गर्नमा इच्छावान अद्वैतसंस्कार सम्पन्न "अद्वैत विदुषी" श्री शारदा देवीज्यू र वहाँको स्वर्गीय मातापिताको सदा स्थायी शान्ति कामनाको साथै जुन नरेशको कृपाद्वारा यस्तो ग्रन्थ रत्नहरूको प्रचार प्रसार गर्न–"सत्संङ्गहरुन माध्यमद्वारा" अद्वैतसंस्थाको हरयक समारोहमा शुभ कामना प्राप्त छ यस्तो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

पूण्यात्मा ईश्वर मूर्ति नरेशको दीर्घायु कामना गर्दै नेपाली सबैं पूण्यात्माहरूले यो ग्रन्थ बाट आफ्नो आत्मस्वरुप प्राप्तिपूर्वक जनकादि झैं आफ्नो व्यवहारमा रही अमर हुन सकोस भनी श्री पशुपति नाथ संग प्रार्थना गर्दछु ।

दिनाङ्क

२०२४ चैत्र शुक्ल
रामनवमी

गोविन्दराम श्रेष्ठ
अद्वैतभारती, देशिकवर
अध्यक्ष अद्वैतमहाविद्यालय
उपसभापति एवं उपदेष्टा अद्वैतसंस्था
“ नवरत्न ” का अन्यतम रत्न
अध्यक्ष प्रचार विभाग
अद्वैत संस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मेरो भन्नु

परमपिता परमात्माकी अनुग्रह पाएको हुँदा श्री परम पूज्य दयालु गुरु देव वाट लेखिवक्सेको 'हस्तामलक' र आत्मनिष्ठा नामक ग्रन्थ रत्न छपाउने इच्छा भयो । जुन ग्रन्थमा जाग्रत स्वप्न सुषुप्तिको विबेचना द्वारा आफ्नो सुख स्वरुपलाई हस्तामलक (हातको अमलादाना) झैं देखाउनु भएको छ। यति मात्र हैन पञ्चकोष रहित तीन अवस्थाको साक्षी हो आफू ।

जाग्रत स्वप्न सुषुप्तिको अभावको पनि प्रकाश रुपमा आफ्नो मानव आत्मालाई प्रत्यक्ष देखाई दिनु भएको यो अत्यन्त उपयोगी ग्रन्थ छ। त्यस्तो आफू नित्य मुक्त स्वरुप भएको हुनाले द्वैत दुराग्रह बुद्धिलाई छोडिकन शास्त्र प्रमाणलाई ग्रहण गरिकन मनुष्यले राग, द्वेष, रहित सुबुद्धि लिई श्रद्धार विचारको सहाराले हेर्‍यो भने आफ्नो भित्र बलिराखेको चैतन्यलाई ग्रहण गर्न शक्तछ ।

अस्वरुप अहं भाव द्वैत प्रपञ्चको मिथ्यात्व निश्चय द्वारा आफू शुद्ध, बुद्ध, मुक्त स्वरुपको साक्षात्कार प्राप्त गर्न सकिन्छ। किनकि आफू थियो मुक्त स्वरुप नै, भूलले प्रमाता भाव स्विकार गर्‍यो र आफू सुखी-दुःखी भनी हजारौं प्रयत्नमा लाग्यो। तर, भूललाई भूल भनि नजाने सम्म मानिसको प्रयत्न वाट मात्र शान्ति मिल्न शक्तैन। शान्ति मिल्छ यथार्थ गुरु वचनमा श्रद्धा गर्‍यो भने, बन्धन तत्कालमा हटि हाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफू नित्य सनातन अविनाशी सुख स्वरुप कुनै काल अवस्थाले ढाकिएको छैन । पैलेनै सिद्ध भैराखेको रहेछ भन्ने कुरा प्रष्ट बुझीकन निर्धक्क हुन्छ ।

पहिले आफूमा अहंकार थिएन । जव आफ्नो स्वरुपलाई भूल्यो, स्वरूप बाट झऱ्यो फलत त्रिपुटीलाई ग्रहण गर्न शुरू गऱ्यो । फेरी त्यसको सामाग्री मेरो भन्ने अर्को भूल भयो । यस्तै क्रमले प्रमाता आफू संसारी मान्छे भोग गर्नेवाला वनी संसारलाई झन सांचो देख्यो । यो हो भ्रम । जस्तो- वालक खेल्न लाग्दै आफू खेल रुप बन्यो । त्यस्तै क्रमले आफ्नो स्वरुप बाट झरेको जीव संसारो वनिकन शरीर-लाई प्रधान सम्झि, त्यसैको भरण पोषणमा लागिराख्छ । यो भ्रम चक्र जहाँ सम्म गुरु शास्त्र वचनमा श्रद्धा गर्दैन त्यहाँ सम्म यस बाट मुक्त हुने सहज मार्ग र आफू वन्धन रहित साक्षी भन्ने कुरा बुझ्न शक्तैन । जहां सम्म आफ्नो स्वरुपको ज्ञान हुँदैन त्यहाँ सम्म भ्रम जाँदैन । डोरीमा सर्प कति काल रहन्छ ? ···जति काल तिमी डोरीलाई जान्दैनौ, डोरी भनिकन प्रत्यक्ष अनुभव गर्दैनौ त्यहाँ सम्म जप तप तिर्थ ब्रत आदि जति प्रयास गरेता पनि डोरीको ज्ञान हुनु सम्भव छैन । किन्तु डोरीलाई जान्न विना अरू कुनै उपायले सर्प जांदैन । त्यस्तै जीवनको भ्रम ज्ञानलाई जान्न अरू कर्म उपाशना आदि शुष्क प्रयास ··· भेद ज्ञानले सम्भव छैन । जहां सम्म द्वैतलाई सांचो मानिकन स्विकार गरिरहन्छ, त्यहां सम्म जति मेहनत गरिरहन्छ, त्यहां सम्म जति मेहनत गरेपनि वास्तव ज्ञान प्राप्त गर्न सक्तैन । श्रद्धा भए साक्षात्कार कठिन छैन । हाम्रो नेपाल र नेपाली आस्तिक्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

संस्कार वान मुमुक्षुहरूको लागि समष्टि पुण्यको पुञ्जले सगुण परमात्मा द्वारा सञ्चालित भैकन आज यस्तो गहन विषय पनि हामी जस्तो अबोध मानिसलाई आंखा चिम्लनु भन्दा सहज, फूलको थुंगा मिच्नु भन्दा सजिलो ढङ्ग बाट देखा-इरहेछ। यतिमात्र हैन आफ्नो अद्वैत स्वरुपलाई द्वैत गन्धले धमिल्याउन नपावस भनिकन शंकर, वशिष्ठ, गौडपाद द्वारा रचिएको जति ग्रन्थहरू छन् ती संपूर्ण ग्रन्थमा हांसले समुद्र भित्रको मोती चुने झैं श्री परम गुरु क्षितीशले पनि शास्त्ररुप महासमुद्रमा गोता लगाई अमृतरुपी ज्ञानको धारा निकालीकन सौभाग्यसाली नेपालीलाई सुखी तुल्याउन नेपाली सरल भाषामा गीतामृत, वाशिष्ठामृत, ज्ञानालोक ईश्वर विज्ञान आदि धेरै ग्रन्थ रत्न हाम्रो हातमा दि बक्सेको छ। श्रद्धा पूवक यी ग्रन्थ हेर्‍यो भने मनुष्यको त्रिविध ताप निर्मूल भईकन विश्वलाई कल्याण गर्नेछ। यति मात्र हैन अभुत पूर्व अद्वैत विद्यालय, आदिको माध्याम द्वारा अद्वैत संस्थाले बाल बालिका समेतलाई आफ्नो स्वरुपको ज्ञानमा अग्रसर गराउदैछ ।

वहाँको सामान्य किर्ती र गुण मात्र पनि हामीले वताउन असमर्थ छौं। वहाँको अगाध महिमा कसरी वताउं ?

गंगाजी जसरी पापलाई हरण गरि दिनुहुन्छ। चंन्द्रमा जसरी तापलाई हरण गर्नु हुन्छ। कल्प बृक्ष दरिद्रता लाई हरण गर्नु हुन्छ। त्यस्तै ज्ञानी दयालु पनि पाप र ताप दरिद्र आदि शोक मोहलाई हरण गरिकन मोक्ष सुख दिलाउनु हुन्छ। उहाँको अंगाध महिमा हामी कसरी वठाउन शक्त छौं ?

मेरो स्वर्गीय परमपिता श्री लाल गोविन्द माता श्री रत्न कुमारी लक्ष्मीको धेरै आस्तिक्य सस्कार हुँदा वहाँकै

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आशीर्बादले पुण्य स्मृतिको लागी यो ग्रन्थ छपाउने सौभाग्य प्राप्त भै रहेको छ। जुन पिता माता बाट जन्मेको हामी दिदी र दाजु हरू मध्य कान्छी बहिनी भैकन पनि माता पिताले जे जति पुण्य कर्म यज्ञ याचन तिर्थ व्रत आदि गर्नु हुन्थ्यो ती पुण्य कार्यमा मलाई सदा सर्वदा साथ लिनु हुन्थ्यो। याद छ केटा केटी देखि मेरो वैराग्यको संस्कार उठी रहन्थो। साथै पिता माताको स्नेहमा श्रद्धा र भक्ति पूर्वक मैले पिता माता–को धेरै सेवा गर्ने मौका पाएँ। दाजु हरू पनि भन्नु हुन्थ्यो कि पिता माताको सेवा बाहेक तिमी अरू काम नगर। माता पितामा श्रद्धालु दाजुहरूको आज्ञा पाएकी हुँदा माता पितालाई ईश्वरै हुनु हुन्छ भन्ने विश्वास थियो। हुन पनि ईश्वरको अनुग्रह पा-एकी हुँदा माता पिताको सेवा नै मेरो परम पूजा भन्ने सम्झन्थें। सदा उत्साह पूर्ण दिल थियो साथै मेरो पिता माता मेरो दिल देखिकन ज्यादै प्रभावित हुनु हुन्थ्यो र वहाँहरू बाट मैले धेरै धेरै आशीर्बाद पाएकी छु। संसारमा दुर्लभ होला यति माता पिताको आशीर्वाद पाउनु। यस्को रहस्य म वता उन शक्तिन।

वहांहरूकै असिम कृपाले आज संसारमा दुर्लभ ब्रम्ह स्वरूप बशिष्ठ अबतार श्री गुरुदेवको अवर्णनीय दया पाईकन आफ्नो उध्दार गर्ने मौका मिल्यो। यस्को महिमा कसरी वताउन सकुँ ?

श्री बाबु बाट माता पिताको सेवाको महिमा सुन्दा मेरो हृदय संतोष र उद्गार पूर्ण संस्कार प्रवुध्द हुन्छ।

अन्तमा श्री पूज्य गुरूको कृति लाई हृदयाङ्गम गरीकन ईश्वर संग श्री गुरुको चीरायुको सुकामना गर्दै मेरो भन्नु यहि अवसान गर्दछु।

शारदा देबी "अद्वैत विदुषी"

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ह स्ता म ल क

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

दर्ता नं- ६३२१
वा. वि.पी. पुस्तकालय
मूल्य रु- २१ -

हस्तामलक

देहादि अनात्मा हो अज्ञान कल्पित

हामीहरू मानि राख्यको छु कि यो जाग्रतमा देखिएको जगत रूप दृश्य र यो देहधारी द्रष्टा म वास्तवमा सत्य हो तर यो ठिक होईन। किनकि यो जाग्रत स्वप्नमा हराई हाल्छ र स्वप्नकालमा स्वप्न जाग्रत भनि प्रतीत हुन्छ जागे पछि स्वप्न-कालिन अनुभव मिथ्या मानिन्छ। यसरी देखिन्छ कि स्वप्न र जाग्रत दुवै हो मिथ्या।

अनुभव हो दुई प्रकारको – (१) सत्य वस्तुको र (२) मिथ्या संसारको। परमार्थ सत्य आफ्नो वास्तव सनातन अद्वितीय चिदानन्द स्वरूपको अनुभव हो साक्षात्कारवान विद्वान पुरूषको र मिथ्या द्वैत प्रपंचको अनुभव हो अज्ञानी मनुष्यको। परमार्थ सत्य आ नो वास्तव स्वरूपको साक्षात्कार नभएको हुनाले अज्ञानी मानिस जो धेरै दुःख कष्टको अनुभव गरि राख्छ त्यो सारा हो भ्रान्त अनुभव। यो द्वैत प्रपंचको अनुभव जाग्रत स्वप्न र सुषुप्ति अवस्थामा भै रहन्छ (जाग्रतमा मात्र हैन)। कर्तृत्व भोक्तृत्व आदि सारा अनर्थको निवृत्ति–अवस्थात्रय रहनु सम्म संभव छैन। त्यस कारण अवस्थात्रयको आत्यन्तिक निराकरणको लागी जाग्रदादि अवस्थाहरू ऐले देखाईन्छ :—

बाहिरको विषयलाई जान्नु हो जाग्रत भित्रको विषय लाई जान्नु हो स्वप्न र आफ्नो वास्तव स्वरूपलाई नजान्नु हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्ति । जाग्रत र स्वप्न हो मिथ्या पदार्थको ग्रहण र सुषुप्ति हो आफ्नो वास्तव स्वरूपको अग्रहण । यो तिन प्रकारको अवस्था हो बुद्धिवाट खडा भएको । जाग्रतको तिनवटा अर्थ छ – (१) साक्षीरूपले दृश्य पदार्थको अनुभव (२) करणको सहारावाट विषय ब्यवहार र (३) मनोराज्य । सुषुप्तिको पनि तीन अर्थ छ – (१) सुषुप्ति स्थिति (सुख स्वरूपको अनुभव) (२) सुषुप्ति कल्पना (सुखसित सुती रहेको छु, केही पनि जानिन) (३) सुषुप्ति र जाग्रतको सन्धि (साक्षीरूपले अवस्थान) ।

साधारण मानिस आफूलाई यो सारा अवस्थासित युक्त भनि मान्द छ — म जागेको छु, म स्वप्नमा थियो र म सुख सित निदाएको थियो । त्यो बुझ्दैन कि जागा छु भन्ने जागा अवस्थालाई अनुभव गरि राख्नुको नाम हो– अर्थात त्यो जाग्रत आदि अवस्थाहरूलाई अनुभव गरि रहन्छ त्यसकारण त्यो वास्तवमा जाग्रत आदि अवस्थाहरू देखि हो अत्यन्त भिन्न । जाग्रदादि अवस्थात्रय र उनीहरूको अवान्तर भेद हो दृश्य त्यस कारण मिथ्या । जो उनीहरूलाई जान्द छ प्रकाश गरी रहन्छ त्यो मात्र हो परमार्थ सत्य ।

विश्लेषण पूर्वक आफ्नो वास्तव स्वरूपको अनुसन्धान हो उत्तम मनुष्यको कर्तब्य । ज्ञानवान गुरूको उपदेशबाट मात्र मुमुक्षु पुरूषले यस्तो अनुसन्धानमा प्रवृत्त हुन सक्छ । त्यस्तो मुमुक्षु अधिकारी हो दुई प्रकारको :—

उत्तम (१) ईनीहरू उपदेश प्राप्तिले मात्र स्वरूपको निश्चय (साक्षात्कार) गरी हाल्छ ।

मध्यम (२) ईनीहरू उपदेश सुनिकन विवेक र विचार-को सहाराले साक्षात्कार प्राप्त गर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सद्गुरुको उपदेश विना आत्मज्ञान प्राप्त हुंदैन ।

आत्मज्ञान प्राप्तिको उपदेश हो सारा दृश्य पदार्थवाट द्रष्टा पुरूषलाई अत्यन्त भिन्न भनी जान्नु ।

अविवेक वशात मानिस आफूलाई देह इन्द्रिय प्राण मन बुद्धि र अहङ्कार भनी मान्द छ ज्ञानी गुरूवाट उपदेश पाई-कन त्यो तल देखाइएको प्रकारले आफ्नो स्वरूपको विचार गर्छ :—

घट मठ रूप आदि युक्त पदार्थलाई म जस्तो करणको सहारावाट जान्दछु त्यस्तै यो शरीरलाई पनि म इन्द्रियको सहाराले उपलब्धि गर्छु— यो शरीर हो हाम्रो ज्ञानको विषय। यसरी अनुमानबाट जानिन्छ कि म शरीर हैन म शरीरलाई अनुभव गरी राख्यको हुनाले म शरीर हुन सक्दैन। आगो जस्तो काष्ट आदि पदार्थलाई प्रकाश गर्छ त्यसकारण त्यो पदार्थ देखि भिन्न हो त्यस्तो शरीरलाई थाहा पाई रहेको हुनाले म वास्तवमा शरीर देखि भिन्न विलक्षण । सारथी विना जस्तो रथ चल्न सक्दैन त्यस्तो चैतन्य आत्मा विना शरीरको चेष्टा सभव हुंदैन — त्यस कारण चैतन्य स्वरूप म हुँ शरीर देखि अत्यन्त भिन्न भूलले जब मानिस शरीर भनो ठान्द छ— अर्थात शरीरमा अभिमान गर्छ— तवनै शरीर चेष्टा गर्न सक्द छ । सुषुप्तिकालमा शरीरमा अभिमान रहँदैन र परिणामले शरीर चेष्टा रहित भएर स्थित रहन्छ काष्टमा सामान्य रूपले आगो विद्यमान रहन्छ तापनि काष्ट जस्तो जलाउन सक्दैन किन्तु जब काष्ट आगोसित तद्रूप भै हाल्छ तव त्यो आगोवाट दीप्त भएको काष्ट जलाउन सक्द छ । त्यस्तै विचारवाट जान्नमा आउछ कि म हूं वास्तवमा शरीर देखि भिन्न ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आँखा आदि ईन्द्रिय देखि पनि म वास्तवमा भिन्न छु। मेरो आँखा, मेरो कान यसरी चक्षु आदि मेरो हो भनी प्रतीत भै रहेको हुनाले यो इन्द्रियहरू मेरो वास्तव स्वरूप हुन सक्दैन ईनीहरू करण भएको हुनाले कर्ताको स्वरूप देखि भिन्न हो ईनीहरू पनि हो मेरो दृश्य।

मन पनि म हैन— यो हामीवाट प्रकाशित भै रहन्छ। म मनलाई जानी राख्यको हुनाले मन सिद्ध हुन्छ नभए मन आफूलाई सिद्ध गर्न सक्दैन ।

बुद्धि पनि मेरो वास्तव स्वरूप हैन किनकि यो पनि हो मेरो दृश्य। अहङ्कार पनि म हैन— यो हो हाम्रो दृश्य। यस्को ब्यभीचार छ। सुषुप्तिमा अहङ्कार रहंदैन तर म त्यै बेलापनि रहन्छ।

यसरी विचारद्वारा सिद्ध भो कि देह ईन्द्रिय मन बुद्धि अहङ्कार मेरो दृश्य भएको हुनाले म द्रष्टा त्यो सारा देखि भिन्न हुँ। विवेक ज्ञान नभएको हुनाले चेतन्य म वाट ब्याप्त भएको देहादिमा अहं प्रत्यय हुन्छ (म भनी मानिन्छ)। यो अहङ्कार म हैन— म हुँ अहङ्कारको प्रकाश (निरहंकार चैतन्य मात्र)।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मा हो ज्ञान स्वरूप

देहादि अहङ्कार सम्म सारा अनात्म पदार्थ देखि हाम्रो स्वरूप हो अन्तरतम (अर्थात धेरै भित्र)। श्रुतिमा आत्मालाई सर्वान्तर (सबैको हृदयमा स्थित) भनेको छ। आफ्नो स्वरूप सर्वव्यापी भएको हुनाले त्यो परिच्छिन्न हुन सक्दैन त्यो स्वयं प्रकाश र सबैको हृदयमा अवस्थित छ। त्यसकारण त्यसलाई द्रष्टा भनेको छ— आत्मा हो सबैको बुद्धिको द्रष्टा (प्रकाशक)। तर यो द्रष्टाभाव दर्शन क्रियाको कर्तृत्व (कर्ता भाव) हैन— यसमा ईन्द्रिय प्रयत्नको अपेक्षा छैन। यो हो नित्य ज्ञान स्वभाव— त्यसैले सर्वज्ञ आत्मालाई द्रष्टा भनेको छ। सुर्य जस्तो क्रिया रहित भएर आफ्नो प्रकाशले प्रकाश्य विषयहरूको नजिकमा स्थित भएको हुनाले प्रकाशक भनिन्छ त्यस्तै प्रयत्न आदि रहित चैतन्य स्वरूप आत्मा पनि वुद्धि र बुद्धिवृत्तिलाई प्रकाश गर्छ। दृश्यको अपेक्षाले मेरो स्वरूपलाई द्रष्टा भनेको छ। बुद्धिरूप दृश्यको अपेक्षाले आत्मालाई द्रष्टा भन्द छ। नजिकमा स्थित भैकननै जस्तो चुम्बकले लोहाको प्रवृति गराउछ (फलामको प्रेरक भनि भनिन्छ) त्यस्तो चैतन्यको नजिकमा कारक (क्रिया गर्नेको करण) हरू चलिरहन्छ र विकार रहित चैतन्यमा कर्तृत्वको आरोप हुन्छ। जड बुद्धिको स्वभाविक प्रकाश नभएको हुनाले चैतन्य आत्माको संनिधानले मात्र प्रकाशित भै राख्यको बुद्धिको सारा विषयमा प्रवृति हुनेको तागत मिल्छ। त्यस कारण सारा बुद्धिवृत्तिलाई प्रकाश गरी राख्यको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मालाई द्रष्टा भनेको छ वास्तवमा दृक स्वरूप (चैतन्य स्वरूप) आत्माको दर्शन क्रिया कर्तृत्व संभव छैन ।

आत्मा बुद्धिको दृश्य हैन (आत्मालाई वुद्धिले देख्न सक्दैन) अद्वितीय आत्माको आकारमा आकारित बुद्धि आत्म विषयक अज्ञानलाई निबृत्ति गरि दिन्छ। यसलाई वुद्धिवाट आत्माको दर्शन भनेको छ। बुद्धिको अवभासक आत्मा बुद्धिको विषय हुन सक्दैन । वृत्ति व्याप्ति भएतापनि फल व्याप्ति संभव छैन । वुद्धिको प्रकाशक आत्मा कसरी बुद्धिवाट प्रकाशित हुन सक्ला ? रूपको प्रकाशक सूर्य रूपवाट प्रकाशित हुन सक्दैन । बुद्धिले आत्मालाई प्रकाश गर्न सक्दैन किनकि बुद्धि हो जानिने विषय, जस्तो घटादि । आत्माको झैं बुद्धि पनि हो ज्ञाता यस्तो भन्नु वन्दैन किनकि आत्मा जस्तो ज्ञाता हो बुद्धि त्यस्तो ज्ञाता नभैकन बरू ज्ञेय पदार्थ— (जानिने विषय) हो । चित् स्वरूप आत्माको सन्निधान वसात दृश्य बुद्धि प्रकाशित भै रहन्छ । त्यस कारण आत्मा (आफ्नो वास्तव स्वरूप) केवल ज्ञान किम्बा चैतन्य मात्र हो भनि सिद्ध हुन्छ ।

—*—

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अवस्थात्रय हो आफ्नो वास्तव स्वरूपमा बुद्धिद्वारा कल्पित

म हुँ सारा विशेषन सुन्ने कुटस्थ (निर्विकार) चैतन्य मात्र। म मा जाग्रत स्वप्न सुषुप्ति छैंन। यो अवस्थाहरू हो बुद्धिको भिन्न भिन्न धर्म (विशेषन)। बुद्धि देखि आफ्नो स्वरूप हो अत्यन्त भिन्न — यो नजानेको हुनाले — अविवेक वसात — आत्म स्वरूपमा यो सारा अवस्थाहरू कल्पित हुन्छ र ' म जागा छु ' ' म सुतेको थियो ' इत्यादि भ्रान्त अनुभव भै हाल्छ।

यो अवस्थात्रयलाई परित्याग गराउनकोलागी इनीहरूको निरूपन गरिन्छ। ईनीहरू यदि बुद्धिको धर्म नभैकन आतमाको धर्म हुन्थ्यो त्यसो भए आतमा जस्तो चैतन्य स्वरूपलाई (अनुभवलाई) कैले पनि छोडन सक्दैन त्यस्तै यो अवस्थाहरू लाई पनि छोड़ने थिएन। हामीमा भासमान भएको यो तिन प्रकारको अवस्था हार्म मा आरोपित भएको हो- यिनीहरू बुद्धि को धर्म हो – त्यस कारण म शुद्ध चैतन्य हूं। म मा स्वभाव अतः यो अवस्थाहरू नभएको हुनाले यिनीहरू हो उपाधिकृत (बुद्धिसित अविवेक वसात हामीमा आरोपित भएको हो)।

सात्विक राजसिक र तामसिक बुद्धिको भिन्न भिन्न अवस्थालाई क्रमले जाग्रत स्वप्न र सुषुप्ति भनेको छ। यो त्रिविध अवस्थामा स्थूल सुक्ष्म र कारण शरीरको अभिब्यक्ति देखिन्छ। जाग्रत अवस्था हो सत्वगुण प्रधान। स्वप्नावस्था

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हो रजोगुण प्रधान र सुषुप्ति अवस्था हो तमोगुण प्रधान । यो अवस्थात्रय हो परस्पर व्यभिचारी — जाग्रतमा स्वप्न रहदैन स्वप्नमा जाग्रत हुँदैन । सुषुप्तिमा जाग्रत र स्वप्न कुनै पनि छैन र जाग्रत र स्वप्नमा सुषुप्ति हुँदैन । तर तिमी इनिहरू को भाव र अभावलाई स्वतः जान्द छौ (प्रकाश गरी रह-छौ) । त्यस कारण यिनीहरू चैतन्य स्वरूप म मा कल्पित छ । यो अवस्थाहरूको साक्षी म हूं आगम अपाई अवस्थाहरू देखि अत्यन्त भिन्न । यस्तो जानेर अवस्थात्रयलाई परित्याग गर्नु पर्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जागरण

चक्षु आदि इन्द्रियद्वारा रूप आदि विषयको उपलब्धि लाई जाग्रत अवस्था भनेको छ। यो अवस्थामा बुद्धि ज्ञान क्रिया शक्ति विशिष्ट हुन्छ र चैतन्यको आभास युक्त भैकन इन्द्रियहरूको सहाराले भिन्न भिन्न विषयको अनुभव गरि रहन्छ। बुद्धि जड़ भएता पनि चैतन्यको आभासद्वारा ब्याप्त भैकन द्रष्टा र दृश्यको आकारमा परिणत हुन्छ। द्रष्टाकार हो अहं प्रत्यय (म भाव) र दृश्य हो घट आदि विषयाकार बुद्धि बृत्ति (या आँखा आदि इन्द्रियवाट उत्पन्न हुन्छ)। यो दुई प्रकारको बुद्धिको परिणाम रूप ढोकावाट प्रमाता प्रमाण र प्रमेय आदि सारा ब्यवहार निस्पन्न हुन्छ।

बुद्धिको अहंआकार (द्रष्टाकार) बृत्ति भएता पनि आफू वुद्धि रूप (अर्थात अनात्म रूप) भै हाल्दैन। वुद्धि अनात्म भएता पनि आत्म चैतन्यको आभासद्वारा ब्याप्त भए पछि उस्मा म भन्ने भाव खडा हुन्छ तर बुद्धिको सम्बन्धले गर्दा आफ्नो स्वरूपमा अनात्म प्रतीति हुँदैन— जस्तो पानीको सम्बन्धले आगोको चिसो भाव प्राप्त हुँदैन। आत्माको आन्तरत्व आरोपित हैन। आत्मा जस्तो बुद्धि देखि भिन्न हो (आन्तर हो) त्यस्तो आत्मा देखि अरू कुनै आन्तर वस्तु हुन सक्दैन। आत्मा देखि भित्रको वस्तु छ यस्मा कुनै प्रमाण छैन। आत्मा हो सवै भन्दा आन्तर। आत्म चैतन्य ब्याप्त बुद्धि (द्रष्टाकार बुद्धि वृत्ति) म शब्दको वाच्य (म देख्दछु यस्तो) हुन्छ। तर यो म (द्रष्टा भाव) मेरो वास्तव स्वरूप हैन। यो द्रष्टा (म

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भाव) देहादि देखि आन्तर भएता पनि यो आन्तर भाव गौण हो – यसको मुख्य आन्तर भाव छैन । वास्तवमा म हूं यो द्रष्टा भावको पनि आन्तर (द्रष्टाकार बृत्तिको प्रकाशक) – शुद्ध चैतन्य स्वरूप ।

बृत्तिद्वारा दृश्य पदार्थमा बुद्धि संशक्त भए बुद्धिको दृश्याकार परिणाम हुन्छ । बुद्धिको यो उभय प्रकार परिणाम भए – द्रष्टा र दृश्य यो उभयको साक्षी अविक्रिय आत्माको मिथ्या जाग्रत भाव प्राप्त हुन्छ । आफ्नो वास्तव स्वरूप हो सर्वव्यापक र अविकारी त्यस कारण जाग्रत अवस्था रूप कुनै परिणाम आफू प्राप्त हुन सक्दैन । त्यस कारण जाग्रत अवस्था मेरो वास्तव स्वरूपमा कल्पित हो । त्यसैले म वा तवमा कुनै पदार्थको द्रष्टा हैन पदार्थरूप कुनै द्रष्टा हाम्रो वास्तव स्वरूप मा रहन सक्दैन ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वप्न

जाग्रत अवस्थाको हेतु जो कर्म हो त्यसको क्षय भय स्वप्नको निमित्त भएको कर्मको आविरभाव भए जाग्रत कालिन अनुभव जनित संस्कार युक्त बुद्धि स्थूल विषयसित सम्बन्ध बिना – केवल संस्कारको बलले पदार्थ र पदार्थको ज्ञानरूपले प्रकाशित हुन्छ। फुलको वासनाले वासित भाँडा (पात्र) जस्तो फुल नभएता पनि पुष्प बुद्धि उत्पन्न गरि दिंछ त्यस्तो अन्तः करण – रथ आदि कुनै पदार्थ नभएता पनि – रथको र रथ द्रष्टाको आकारमा आकारित भएर साक्षी चैतन्यको दृश्य हुन्छ। आत्माको त्यो दर्शनलाई स्वप्न भनेको छ। इन्द्रियहरू वेपार नगरेता पनि जागरणको संस्कारको बल ले जो पदार्थको ज्ञान हुन्छ त्यसको नाम हो स्वप्न।

अन्तः करण (वुद्धि) र चैतन्य स्वरूप आत्माको अविवेक वसात बुद्धिको जो धर्म (बृत्ति किम्बा विकार) हो त्यो आफ्नो स्वरूपमा आरोपित हुन्छ । यसरी बुद्धिको जागरणलाई मेरो जागरण र वुद्धिको स्वप्नलाई मेरो स्वप्न भनि बोध हुन्छ । जस्तो घटमा भएको पानिको चलनलाइ चन्द्रमाको चलन भनिन्छ (वास्तवमा चन्द्रको चलन छैन) त्यस्तै मेरो जाग्रत किम्बा स्वप्न नभएता पनि बुद्धिको जागरण र स्वप्न मेरो चैतन्य स्वरूपमा कल्पित हुन्छ।

जाग्रत र स्वप्न हो बुद्धिको दुई प्रकार वृत्ति मात्र — दुईनै हो मिथ्या दुबैमा कुनै भेद रहन सक्दैन। आगन अपाई बुद्धि मात्र भैरहेकोले दुवै अवस्था समानरूपले म मा कल्पित

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

छ । जाग्रदादि अवस्थाको अनुभव हो सर्वथा मिथ्या– एकको भित्र अरू अनु प्रविष्ट भएको छ – जस्तो जाग्रत स्वप्न (अर्थात मनोरथ) किम्बा स्वप्न जाग्रत (अर्थात कल्पित इन्द्रियवाट कल्पित विषयमा ब्यवहार) यो ब्यभिचारी अवस्थाहरूको एकरस प्रकाशक — वास्तवमा केवल प्रकाश रूप मलाई यीनीहरूको सुख दुःख आदि कुनै धर्मले अलिकति पनि स्पर्स गर्न सक्दैन । म वास्तवमा यो सारा कल्पित अवस्था देखि हो अतीत- सनातन अकल्पित स्वयं प्रकाश अखण्ड आनन्द स्वरूप ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

सुषुप्ति

जाग्रत र स्वप्नमा संचरण गरी रहदा (चलिरहदा) बुद्धिको जो परिश्रम हुन्छ त्यस्को निबृत्ति भए सव प्रकार स्फुरण रहित बुद्धि अज्ञानवाट अभिभूत भएर स्वरूप सुन्नेको झैं (बुद्धि छैन जस्तो यस्तो रूपले अवस्थान गर्छ) । यो स्वरूप सुन्ने ता मुक्ति दशा हैन किनकि सुषुप्तिमा बुद्धि साभास अज्ञान सित तदरूप भएर अवस्थान गर्छ यो साक्षी चैतन्य म वाट प्रकाशित भैरहन्छ – अर्थात " म सुखसित सुतेको थियो केहि पनि जानेको थिएन " ।

यस प्रकार साक्षी आकार सुखाकार र अज्ञानाकार तिन प्रकार बृतिको म नै प्रकाशक हुं । यो सुषुप्ति अवस्था पनि हाम्रो चैतन्य स्वरूपमा आरोपित छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हाम्रो वास्तव स्वरूप

माथि देखाइएको त्रिविध अवस्था हो जड़ – यीनीहरू को सम्बन्ध केवल बुद्धिकोनै साथ छ । मेरो स्वरूपसित यो अवस्थाहरूको कुनै सम्वन्ध छैन । म वास्तवमा आफ्नो महिमा-मा अवस्थित छु – म एक र अखण्ड केवल प्रकाश स्वरूप हूं – मेरो कुनै आधारको अपेक्षा छैन ।

मेरो वास्तव स्वरूपमा कुनै विकार किम्बा घटी बढी हुन सक्दैन त्यस कारण अवस्थात्रय हो बुद्धि उपाधिकृत, वास्तव मा अवस्थात्रय छैन । बुद्धिरूप उपाधि हो मेरो चैतन्य स्वरूप-मा कल्पित ।

प्रश्न :— आत्म स्वरूपलाई कसरी जान्नु पर्छ ?

उत्तर :— सर्प जस्तो रज्जुमा कल्पित हो त्यस्तै बुद्धिको विशेषन (जाग्रदादि बुद्धिको अवस्था) मेरो स्वरूपमा कल्पित भएको हो– यीनीहरू सत्य हैन– यस कारण यीनीहरुलाई त्याग गरे पछि (यीनीहरू मिथ्या हो यस्तो निश्चय भए पछि) अवस्थात्रय रहित भएर स्थित भए आत्म साक्षात्कार (आफ्नो स्वरूपको सम्यक ज्ञान) उत्पन्न भै हाल्छ ।

प्रश्न :— साक्षात्कार अत्यन्त कठिन भनि प्रसिद्ध छ । त्यसको प्राप्तिको लागी के के गर्नु पर्छ ?

उत्तर :— अविद्या कल्पित अवस्थात्रय सित आफ्नो सम्बन्ध मानि राख्यको हुनालेनै वास्तव स्वरूपको साक्षात्कार कठिन जस्तो भएको प्रतीत हुन्छ । तर विवेक विचार उत्पन्न भए आफ्नो वास्तव स्वरूपलाई स्पष्ट रूपले अवस्थात्रय

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

रहित स्वप्रकाश शुद्ध चैतन्य रूपले साक्षात् जान्न संभव हुन्छ। यो स्वत: सिद्ध र वस्तु तन्त्र हो– साक्षात्कार क्रियारूप नभए-को हुनाले यो श्रद्धालु उत्तम मुमुक्षुजनको लागि अत्यन्त सजिलो हो।

प्रश्न :– तब यो कठिन भनिकिन प्रसिद्ध छ ?

उत्तर :– आफ्नो वास्तव स्वरूपको वारेमा ज्ञानी पुरुष बाट श्रद्धापूर्वक नसुनेको हुनाले साक्षात्कार कठिन जस्तो भएको हो (गीतामृत ग्रन्थ पृष्ठा १।३२—१।३५ हेर्नुस) सद्‌गुरूको अनुग्रह र मुमुक्षु पुरूषको श्रद्धा एकत्र भए साक्षा-त्कार सजिलो सितनै प्राप्त हुन्छ। यस्मा कुनै संशयको अवकाश छैन।

आत्म स्वरूप हो अवस्थात्रयको साक्षि नभए अनात्म पदार्थ (जाग्रदादि अवस्था) स्वभावत किम्वा अरूको अधिन भैकन सिद्ध हुन सक्दैन। अवस्थात्रय निराकृत भए साक्षि चैतन्य अवसिष्ठ रहन्छ (बाँकी रहन्छ)। अविद्याको कारण आत्म स्वरूप अवस्थात्रयमा यथार्थ रूपले ज्ञात हुँदैन। साक्षि चैतन्य म नै हूं कल्पित अवस्थाहरूको अधिष्ठान। जाग्रदादि अवस्थाको परित्याग भएमा मात्र त्यस्को अधिष्ठान रूपले आफ्नो वास्तव स्वरूप स्वयं स्पष्ट रूपले भासमान भैहाल्छ। सुन्ने अधिष्ठान हुन सक्दैन—किनकि आरोपित पदार्थ सित आरोपितको सम्बन्ध हुन सक्दैन—अर्थात् कल्पित पदार्थ (अर्थात् सुन्ने भन्ने वस्तु) अधिष्ठान हुन सक्दैन। कल्पित अव-स्थात्रय वाधित (मिथ्या भनी निश्चित) भए जो बाँकी रहन्छ त्यो हो स्वयं प्रकाश चिद्‌रूप म नै। यो शास्त्र युक्ति र विद्वत् अनुभूतिवाट सिद्ध छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न :– अवस्थात्रय प्रतिपादनको रहस्य के हो ?

उत्तर :– यद्यपि जाग्रदादि अवस्था स्वयं अशुद्धि रूप हो तापनि जाग्रदादि भएमा आत्माको विशुद्धि जान्नमा आउँछ। जागरण आदि तिन अवस्था हो परस्पर व्यभिचारी—तर त्यो तिन अवस्थामा यिनीहरूको प्रकाशक म अव्यभिचारी छु (जाग्रत् आदि अवस्था आउँछ र हराउँछ तर यिनीहरूको अनुभविता म संधै मौजुद छु) त्यसकारण अवस्थात्रय रहित विशुद्ध चैतन्य स्वरूप म सिद्ध हुन्छ। यो हो सबैको अन्तरतम प्रत्यक्ष र संधै स्वयं प्रकाशरूप त्यसकारण हस्तामलक झैं उस्को साक्षात्कार स्वतः र सधैं प्राप्त भैराख्यको छ केवल अविद्या कल्पित अवस्थात्रयको निराकरण प्रयोजन छ (आवश्यक छ)। यसको लागि ब्रह्मवेत्ता गुरूको प्रति श्रद्धा चाहिन्छ। त्यसो भएमा मात्र संसार सागरबाट तर्नु संभव हुन्छ—अनुग्रह पूर्वक ज्ञानी गुरू बाट प्रतिबोधित नभए यो साक्षात्कार प्राप्त हुन सक्दैन।

प्रश्न :– आत्म स्वरूपको व्यभिचार नभएको हुनाले उस्को नित्यत्व र शुद्धत्व अनुमानबाट सिद्ध हुन्छ। यसरी आत्माको सिद्धिको संभावना भएता पनि यो निरपेक्ष रूपले निश्चायक हुँदैन। अनुमानबाट कैले पनि वस्तुको निर्णय हुन सक्दैन—संभावना मात्र हुन्छ। त्यसकारण आत्म स्वरूपको सिद्धिको लागि प्रमाणको अपेक्षा छ।

उत्तर :– प्रमाणबाट आत्माको सिद्धि हुन सक्दैन। किनकि आत्मामा घटादिको झैं प्रमेयत्व स्वीकार गरेपछि त्यसको प्रमाता तिमी बाहेक अरू को हुन सक्ला ? जो प्रमाता हुन्छ यो त आत्म स्वरूपनै हो—प्रमातानै त हो आत्मा। त्यसकारण आत्माको प्रमाण सापेक्षता सिद्ध हुन सक्दैन।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्न :– अरू प्रमाणको विषय नभएता पनि आत्मा वेदान्त प्रमाणको विषय त अवश्य हो किनकि आत्मा उपनिषद् बाट व्येद्य छ ।

उत्तर :– हैन । आत्मा वेद प्रमाणको पनि विषय हैन किनकि आगम (वेद) प्रमाण आत्मालाई परिच्छिन्न तुल्याउन सक्दैन । उपनिषद्को व्येद्यता जो भनेको छ त्यस्को अर्थ हो– आत्मामा आरोपित कर्तृत्व आदिको कारण जो अज्ञान (म आत्मालाई जान्दैन यस्तो अनुभव)—साक्षात्कार ही त्यसको निवर्तक र यो साक्षात्कार वेदान्त शास्त्रबाट सद् गुरूको कृपाले उत्पन्न हुन्छ ।

प्रश्न :– वेदान्त शास्त्रलाई किन प्रमाण भने को हो ?

उत्तर :– अज्ञात विषयलाई ज्ञापन गर्नुको नाम हो प्रमाण । साक्षात्कारको उत्पत्तिरूप ढोकाबाट वेदान्त शास्त्र अज्ञात र अज्ञान जनित सारा अनर्थको निवर्तक हुन्छ । अद्वैत वेदान्त शास्त्र विना अरू उपायले साक्षात्कारको उत्पत्ति संभव छैन । यद्यपि आत्म स्वरूप वेद्य वस्तु नभैकन पनि सबको प्रत्यक्ष (साक्षात् अनुभुयमान आफ्नो स्वरूप) हो तापनि त्यो सत् शास्त्र विना—जाग्रदादि द्वैत प्रपञ्चको निराकरण विना— जान्नुमा आउँदैन । त्यसकारण वेदान्त शास्त्रलाई साक्षात्कार विषयमा प्रमाण भनेको छ । तर यो आगम अर्थात् वेद, प्रमाण केवल आरोपित अनात्म प्रपञ्चको निवृत्ति गर्छ—शुद्ध आत्म स्वरूपलाई प्रकाश गर्न सक्दैन । त्यसकारण आफ्नो स्वरूप निजी सिद्धिको लागि स्वरूप देखि भिन्न कुनै अनुभवको अपेक्षा गर्दैन—त्यो हो सर्वदा स्वयं प्रकाशमान र नित्य स्वतः सिद्ध वस्तु । त्यो अद्वितीय आफ्नो अरूपनै हो सत् चित् आनन्द

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ब्रह्म त्यसलाई प्रत्यक्ष गर्नको लागि अरू अनुभवको प्रयोजन छैन—त्यो आफ्नो प्रकाशबाट संधै प्रकाशित छ ।

प्रश्न :– आत्मा हो कुटस्थ नित्य यसको आशय के हो ?

उत्तर :– जाग्रदादि सारा अवस्थामा "त्यो, म" (अर्थात् जो ऐले जागी राख्यको छु त्यो म स्वप्न देखेको थियो र सुषुप्त भैकन निद्रा सुख अनुभव गरेको थियो) यस्तो आफ्नो स्वरूपको अनुसन्धान किम्वा अनुभव भैरहेको हुनाले मेरो साक्षि भावको कैले पनि व्यभिचार (अभाव) छैन । तर अवस्थात्रयको ब्यभि-चार हुन्छ। त्यसकारण आत्मा हो प्रस्थानत्रय देखि सम्पूर्ण भिन्न । पुण्य र पाप सित आत्माको कुनै सम्बन्ध छैन—त्यस-कारण पनि आत्मा हो जाग्रत आदि अवस्थात्रय देखि भिन्न। अवस्थात्रय हो अनित्य—आपनो स्वरूप हो नित्य । आत्मा नित्य भएको हुनाले आत्मा हो शुद्ध (शुद्ध नभए नित्य हुन सक्दैन) । जड अवस्थात्रय देखि आत्मा भिन्न भएको हुनाले आत्मा हो बुद्ध (ज्ञान स्वरूप) । ज्ञान स्वरूप आत्मा अवस्था-त्रय देखि भिन्न भएको हुनाले त्यो हो सदा मुक्त—आत्मा अविद्या काम र कर्मादिको अधिन नभएको हुनाले त्यो हो सर्वदा असंग । अवस्थात्रय देखि भिन्न भएको हुनाले आफ्नो स्वरूप हो अविकारी (अंश रहित किम्वा निस्क्रय) । आत्माको दृष्टिको (स्वयं प्रकाशताको) कैले पनि विलोप हुँदैन (किनकि त्यस्को विलोप भए अरू कुनै साधन प्रमाण किम्वा साधक अरू आत्माको खोजी गर्नु पर्छ त्यसकारण आत्माको प्रकाश स्वरूपको कैले लोप हुन सक्दैन)—त्यसकारण आत्मा हो नित्य शुद्ध (शुद्ध चैतन्य स्वरूप) । आत्मा हो एक—एकमात्र आत्मा देव सबैको हृदयमा लुकेर अवस्थान गरेको छ। अर्थात् अनेक जो जाग्रदादि अवस्था हो तिनीहरू देखि भिन्न भएको हुनाले

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्माको एकत्व सिद्ध हुन्छ। यसरी आत्म स्वरूपलाई शास्त्र र युक्तिको सहाराबाट जानिन्छ।

प्रश्न :– यो आत्म स्वरूपको कसरी प्रत्यक्ष अनुभव हुन्छ ?

उत्तर :– ब्रह्मवेत्ता श्रीगुरू जब अनुग्रह पूर्वक श्रद्धालु उत्तम मुमुक्षु जनलाई यसरी जगाई दिनु हुन्छ—हेरो तिमी देहादि संघात हैन तिमी संसारी हैन किन्तु सारा उपनिषद्को (वेदान्त शास्त्रको) प्रतिपाद्य जो अद्वितीय सत् चित् आनन्द स्वरूप एकरस शुद्ध बुद्ध सदामुक्त अखण्ड परिपूर्ण ब्रह्म त्यो हो तिमी—तब उत्तम मुमुक्षु पुरूषको साक्षात्कार उदित भै हाल्छ। तब त्यो अज्ञान रूप निन्द्राबाट जागीकन अज्ञान जनित कर्तृत्व आदि रूप सारा संसारबाट विमुक्त (जीवन् मुक्त) भै हाल्छ।

यसरी आफ्नो वास्तव स्वरूपमा विद्वद् (विद्वानको) अनुभव पनि प्रमाण छ—यो प्रदर्शित यो।

यसरी उपदेश द्वारा नै साक्षात्कार प्राप्त हुन्छ–अरू प्रकारले यो संभव छैन।

पैला जमानाको उत्तम मुमुक्षुहरू जस्तो आचार्यको यस प्रकार उपदेशबाट साक्षात्कार प्राप्त भएको थियो। त्यस्तै यी कलिकालको मुमुक्षु पुरूष पनि माथि देखाईएको उपदेश प्राप्त गरीकन साँच्चिको जाग्रत किम्वा जीवन्मुक्ति प्राप्त गर्न सक्छ– यो वेदान्त शास्त्रको अनुशासन (अभ्रान्त घोषना) हो। यसमा कसैको पनि संशयको अवकाश हुन सक्दैन।

हरि ॐ तत्सत्

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्म निष्ठा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मनिष्ठा

दृश्य हो मिथ्या द्रष्टा हो अद्वैत

आफ्नो प्रकाश स्वरूप बाहेक जो कुछ भासमान हुन्छ--देखिन्छ अनुभवमा आउँछ—त्यो सारा हो आविद्यक (कल्पित पदार्थ मिथ्या)। प्रकाश स्वरूप तिमी जव आफ्नो स्वरूपबाट बहिरमुख हुन्छौ तब जगत रूप दृश्य भासेर आउँछ र कामकाज देखिन्छ। अन्तरमुख भए (स्वरूपको अवधान भए) जगत र कर्म रहँदैन।

जाग्रत हो स्वप्नको भ्रं

स्वप्नकालमा स्वप्न श्रृष्टी भ्रमले साँचो भनी प्रतित हुन्छ। जब सम्म स्वप्न रहन्छ तब सम्म जस्तो कर्म कोई गर्छ त्यस्तो प्रतिभात हुन्छ—तर जागे पछि कुनै कर्म किम्बा जगत रहँदैन। त्यस्तै यो परिदृश्यमान जगत हो केवल संकल्प मात्र—स्वरूपलाई जाने पछि यस्को अभाव भै हाल्छ।

त्रिपुटी हो मिथ्या

स्वप्नमा जस्तो कार्य छैन त्यस्तो जाग्रतमा कारण कार्य जो प्रतित हुन्छ त्यो वास्तवमा छैन। केवल आफ्नो अनुभव स्वरूप नै वास्तव हो—अरू क्यै पनि छैन। चित्त फुरे पछि (म मेरो भाव स्फुरीत भए पछि) जगत भासेर आउँछ। किन्तु अधिष्ठान आफ्नो स्वरूपनै केवल स्थित रहेको छ।

निश्चय अनुसार अनुभव हुन्छ

आत्माबाट दृष्टि भैरहन्छ त्यसकारण दृश्य हो आफ्नो रूपनै। जस्तो कसैको निश्चय हुन्छ त्यस्तो त्यसको प्रत्यक्ष अनुभव हुन्छ। स्वरूपको निश्चय भए स्वरूपनै प्रतिभात भै रहन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

स्वरूपको अनवधानबाट जगतको स्फूर्ति

स्वरूपको अनवधानले (स्वरूपको ख्याल नभए) संकल्प मात्र भएको जगतमा सत्यता बुद्धि भैहाल्छ। स्वरूपको स्मरण भए संकल्पलाई संकल्प भनी थाह हुन्छ। यसरी आविद्यक पदार्थमा आस्था (अभिलास ईच्छा) नष्ट भैहाल्छ। चिन्तन किम्बा बृत्ति बिना दृश्य संभव छन त्यसकारण जगत अनित्य मात्र हैन—जगत हो मिथ्या (कुनै कालमा पनि छैन)।

जगत हो प्रकाशरूप गरे स्वरूपको साक्षात्कार हुन्छ

स्वप्नमा जो धेरै पदार्थ भासित हुन्छ त्यो अनुभव देखि भिन्न हैन। त्यस्तो जाग्रतमा अनुभवनै त्रिपुटी रूपले देखनमा आइ राख्यको छ। त्रिपुटी ज्ञात भए साक्षि स्वरूप देखि अभिन्न भैहाल्छ—त्रिपुटी साक्षि देखि भिन्न वस्तु हैन।

दृश्यपरित्याग

दृश्यसित नामिले पछि (किनकि त्रिपुटी हो मिथ्या) चैतन्य स्वरूपमा स्वतः स्थिति संभव हुन्छ।

जान्नु केलाई भनेको छ ?

प्रकाश स्वरूप हामीमा जान्नु भन्ने कुनै क्रिया छैन। तथापि जान्द छु भन्नेको तात्पर्य हो आविद्यक किम्बा कल्पित दृश्यलाई प्रकाश गरीराख्यको छु अर्थात् सारा कल्पित दृश्यको प्रकाशक म नै छु। कल्पित दृश्य बिचार ले वाधित भए पछि त्यो बाधको अब्धि रूपले म नै संधै प्रकाशित छु—त्यसकारण म हूं अद्वितीय चित् सुख स्वरूप ब्रह्म।

को जान्दछ ?

प्रमाता प्रमाण द्वारा प्रमेय पदार्थलाई जान्द छ—यो केवल अविचार सिद्ध कुरा हो किनकि त्रिपुटी आफू लाई प्रकाश गर्न सक्दैन। त्यसैले त्यो हो व्यवहारिक ज्ञान (मिथ्या)। वास्तवमा जान्नु हो चैतन्यको आफ्नो

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF
Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरूप जो म सारा कुरा जान्दछ (त्रिपुटीको भाव र अभावलाई निर्विकार रूपले प्रकाश गरी रहन्छ) त्यो कसरी स्वल्पकालिन प्रमाता हुन सक्ला ? प्रमाता सुषुप्तिमा रहँदैन तर त्यो तिमी जान्दछ (अर्थात् त्यो अभावको प्रकाश तिमीबाटनै भैरहन्छ)—त्यसकारण तिमी हो केवल प्रकाश रूप—दृश्य सित तिम्रो कुनै सम्पर्क हुन सक्दैन ।

अद्वैत संस्थाको अर्थ के हो ? स्वरूपको सर्वदा स्मरण को गरीरहन्छ ?

यस्को केवल स्मरण राख्नु पर्छ—अर्थात् मनको लय हुन नदिईकन मनलाई विकार रहित राख्नु पर्छ। यो नै हो अद्वैत संस्था किम्बा स्वरूप निष्ठा यदि जिज्ञासा गर्छौं कि स्मरण राख्नेवाला को हो ? त यस्को जवाफ़ हो कि जस्ले यो प्रश्न सोधेकोछ त्यसले स्वरूपको स्मरण गर्छ । अर्थात् जो अत्यन्त सुखी हुने को लागि सत्सङ्ग परायण भएको छ हो त्यो सारा त्रिपुटी दृश्यको अभाव गरेर त्यो अभावको विलायक शुद्ध चैतन्य स्वरूपमा स्थित रहोस–फेरी देहादि कुनै ज़गत पदार्थमा सत्यता बुद्धि पूर्वक अद्वैत संस्थाबाट च्यूत नहोस् ।

स्मरणको अर्थ के हो ?

यदि भनिन्छ कि अजातवादमा क़सरी स्मरण क्रिया किम्बा चुती क्रिया संभव होला ? तव भन्छ कि यस्तो ज्ञान किम्बा निश्चय (जो तिमी प्रकट गरेका छौ) यदि असंभव छैन तव स्मरण क़सरी असंभव होला ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान रक्षा

स्मरण भन्नुबाट वास्तवमा कुनै क्रिया बुझाईदैन किन्तु मिथ्या दृश्य जगतको सुविचारित निषेध पूर्वक आफ्नो स्वरूपमा सहज स्थिति। यो स्वरूप निष्ठालाई ज्ञान रक्षा भनेको छ। यसरी ज्ञातव्य र कर्तव्यको एकता संभव हुन्छ।

विस्मरणको फल

स्वरूपको अवधान नभए (स्वरूपलाई बिर्सेपछि) संकल्प रूप जगतमा सत्यता बुद्धि भैहाल्छ। पहले तिमी संकल्पकर्ता भैकन पछि भुल्ले संकल्पित जगतको भित्र एक जना चेतन (प्रमाता) बनिकन अचेतन पदार्थको (जड दृश्यको) द्रष्टा बनिहाल्छ। संकल्प गर्ने वित्तिकै स्वरूपको बिस्मरण भएर प्रमाता भाव आईहाल्छ। संकल्प उठ्ने वित्तिकै आफ्नो प्रकाश स्वरूपको स्मरण भए संकल्प बढ्न सक्दैन। त्यसकारण आत्मनिष्ठा कैले पनि परित्याग नगर्नु।

अद्वैत संस्थाको सदस्य हरूको स्वभाव

यो आफ्नो अद्वैत स्वरूपमा स्थिति हो सावधान पुरूषको लागि सहज र स्वाभाविक अद्वैत संस्थाको सदस्यहरूको यात्तकोनै हो विशेषता।

सदस्य मात्रमा हुनि

आफ्नो स्वरूपमा अनायास स्थिति (सहज र सर्वदा स्थिति) हो एकमात्र साक्षात्कारको अवश्यम-भावीफल। साक्षात्कारको सुगम बाटो यो अभूतपूर्व संस्थाको सदस्यहरू मात्र निर्देश गर्न सक्छ। द्रोणबाट रचियको चक्रविहमा प्रवेश जस्तो अभिमन्यू मात्र जाने को थियो त्यस्तै एकमात्र अद्वैत संस्थाको सदस्यहरू साक्षात्कार भन्ने बुझाइदिन्छ कि त्यो रहस्य जानिन्छ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

र तिनीहरूनै यो रहस्य कुरा अरूलाई बुझाउन सक्दछ। यो संस्थाको वहिरभूत विद्वान मानिस पनि—नेपालको धार्मिक र आध्यात्मिक संस्कृतिको हृदय रूप यो साक्षात्कार सित परिचय प्राप्त गर्न सक्दैन। परिणाममा त्यो मनुष्य जीवनको सारा सुख र समृद्धि—नित्य निरन्तर निज आनन्द स्वरूपको अनुभूतिबाट—नितान्त वञ्चित रहन्छ।

संकल्प र प्रत्यक्ष देखिएको पदार्थको भित्र भेद छैन

संकल्पले सिद्ध भएको र प्रत्यक्ष देखिएको पदार्थको भित्र वास्तवमा कुनै भेद छैन अदृढ भावना हो संकल्प र दृढ भावना हो प्रत्यक्ष देखियको पदार्थ। पहिले पदार्थको भावना हुन्छ—पछि भावना कर्ता आफ्नो स्वरूपलाई भुलेर संकल्पित जगतको भित्र एक जना मानिस बनेर बाहिर जो देख्छ त्यसलाई प्रत्यक्ष दृष्ट पदार्थ भनेको हो। दृढ भावना हो आफ्नो वास्तव स्वरूपलाई विर्सनु। कुनै पदार्थ किम्बा त्यस्को विकारी ज्ञाता (प्रमाता) वास्तवमा उत्पन्न भएको छैन—सारा त्रिपुटी हो संकल्पको तिब्रता मात्र। यसरी अनात्म पदार्थको भावना सम्पूर्ण परित्याग गरेमात्र आत्माको साक्षात्कार संभव हुन्छ।

सारा भावनाको परित्याग

भावनालाई किन परित्याग गर्ने

भावित पदार्थ हो मनको चिन्तन मात्र, वास्तव हैन। त्यसकारण जो भावना गरिन्छ त्यो साक्षात् हामीबाट प्रकाशित भैहाल्छ (भावनाको विषयलाई म तत्कालमा जानी हाल्छु--म देखि त्यस्को पृथक सत्ता स्फुरण छैन)। यस्तो जो सारा पदार्थ मेरो ज्ञानको विषय हुन्छ (मेरो आफ्नो अखण्ड प्रकाशको अन्तरभूत हुन्छ) त्यो मेरोनै अङ्ग हो जस्तो मेरोनै छाँटीमा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

भवमा आउँछ र हराई हाल्छ

अंकित गरियको कुनै तस्वीर । त्यो म देखि पृथक नभए को हुनाले त्यसमा हाम्रो रसिलो बुद्धि कसरी सम्भव होला ? प्रत्यक्ष दृष्ट सारा पदार्थ पनि हो मेरोनै अङ्ग—मेरो आफ्नो स्वरूपलाई भुलेर म प्रमाता बनेको हुनाले त्यो हाम्रो बाहिर (शरीरको बाहिर) प्रत्यक्ष देखिन्छ । यसकारण वाहिरी विषय पहिले प्रमाता देखि अभिन्न रूपले हृदयमा अनुभूत हुन्छ (यसैलाई विषयको प्रत्यक्ष भनेको छ) र पछि जब प्रमाता प्रमाण र प्रमेय रूप त्रिपुटी साक्षि चैतन्यमा लिन हुन्छ तब पदार्थ विषयक ज्ञान प्रत्यक्ष हुन्छ । यसरी मिथ्या पदार्थको संस्कार द्वारा अनुरञ्जित भएर चैतन्य स्वयं प्रकाशित हुन्छ ।

संस्कार बाँकि रहन्छ

संस्कार वास्तव हैन

तर वास्तवमा संस्कार पनि कुनै भिन्न वस्तु हैन—भ्रान्त अनुभवलाई अनुवाद गरेर भनेको मात्र हो । अनात्म पदार्थ सत्य भए त्यस्को अनुभव सत्य हुने थियो र अनुभव जनित संस्कार पनि सत्य हुन सक्थ्यो । तर यस्तो हैन—त्रिपुटी रूप सारा द्वैतको मिथ्यात्व निश्चय शास्त्र प्रमाण र गुरू वाक्यमा श्रद्धाको फलले—उदित भए पदार्थको संस्कार (किम्बा वासना) विनष्ट भैहाल्छ । यसैको नै नाम हो अविद्या नाश किम्बा साक्षात्कार यसरी बुझिन्छ कि जो अविद्या प्रतिविम्वित भोक्ताभाव—इप्सित पदार्थको उपभोग रूप प्रमोद बृत्ति युक्तभाव पनि हो मिथ्या किनकि यो परिच्छिन्न सुखरहित आत्मा लाई परिच्छिन्न सुख युक्तको देखाईन्छ । आत्मा हो यो भोक्ताभावको साक्षि—भोक्ताभावाई म अविकारी रूपले

अविद्या नाशलाई साक्षात्कार भनेकोछ

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

म परिच्छिन्न सुख युक्त पुरुष हैन

प्रकाश गरी राख्छु। भोक्ताभाव हो मेरो त्यसकारण म भोक्ता हुन सक्दैन—म हूं दृश्य रूप प्रमोद बृत्तिको साक्षि र त्यो देखि भिन्न। विवेक द्वारा आफ्नो वास्तव स्वरूपलाई संधैस्मरण गरेर त्यो लब्ध स्वरूपलाई कैले पनि नछोडेर त्यो स्वरूपमानै संधै बुद्धिलाई स्थित राखेर अवस्थान गरे आनन्दमय कोष रूप भोक्ताभावलाई लङ्घन गर्नु सम्भव छ ।

साक्षात्कारको साधन

विचार द्वारा जति जति पदार्थ भावना बन्द हुँदै जान्छ त्यति साक्षात्कारको समिपतापन (नजिकपन) मुमुक्षु पुरूषको प्राप्त हुन्छ। दृश्य पदार्थ परित्याग गर्नुनै हो साक्षाकारको साधन। दृश्य पदार्थको सामान्य र दृढ़ (उभय प्रकारको) भावना परित्याग गरेपछि अधिष्ठान आफ्नो शुद्ध चैतन्य स्वतः प्रकाशित भैहाल्छ। अर्थात्

इच्छा परित्याग

पदार्थको ईच्छा त्यागेर बसे पछि सजिलो सित साक्षात्कार को उदय हुन्छ जब स्थूल शरीर (स्वप्न प्रपञ्चको झैं) मिथ्या भनि निश्चित हुन्छ तव त्यो मिथ्या शरीरको प्रारव्ध प्रसङ्ग पनि निरर्थक भैहाल्छ। यसरी "निरीक्षित शुद्ध चैतन्य म हूं" यस्तो निश्चय पूर्वक स्थित हुनु पर्छ।

भावना वसात अनुभव हुन्छ

भावना अनुसार नै अनुभव हुन्छ। "म प्रमाता हुँ" यस्तो जस्को निश्चय हुन्छ त्यो शरीर र तत्सम्बन्धि पदार्थको भावना गरी रहन्छ। तर जो श्रद्धा र विचार पूर्वक आफ्नो शुद्ध चैतन्य स्वरूपताको निश्चय गर्छ त्यो देहादि जगत पदार्थको भावना किन गरी रहोस ? त्यसो भए मात्र त्यस्को साक्षात्कार सजिलोसित प्राप्त हुन्छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

शरीरको तुच्छता

शरीरमा अहं बुद्धि हो कार्य अहङ्कार र भोक्ताभाव (अविद्या संयुक्त चैतन्यभाव) हो मुल अहङ्कार। शरीर लाई काष्ट लोष्ट झैं जानेर संधै त्यस्को उपेक्षा गर्नुपर्छ। परिणामले शरीर सम्बन्धि कुनै ईष्ट पदार्थमा रूची हुंदैन "म हूं शुद्ध अखण्ड चैतन्य र निरतीसय आनन्द स्वरूप"—यस्तो दृढ विश्वास् (श्रद्धा किम्बा निश्चय) भए अहङ्कार ममकार (अविद्या बृत्तिरूप) कुनै दृश्यमा सोभन बुद्धि रूची हुन सक्दैन र आफ्नो परिपूर्ण स्वप्रकाश आनन्द स्वरूपमा संधै सहज रूपले स्थिति सम्भव भैहाल्छ।

आधिभौतिक किम्वा आधिदैविक कुनै ईष्ट पदार्थको अभिलास उत्पन्न भए चित्त तदाकारमा आकारित (चित्तमा इच्छाको उत्पत्ति) भैहाल्छ। यसैलाई त्रिपुटी भनेको छ। पछि यो स्पष्ट त्रिपुटी अविद्यामा परिणत आनन्दमय कोष भएर आफ्नो चित् स्वरूपलाई धाकिदिन्छ। (यसैलाई भोक्ता अहङ्कार भनेको छ)। आफ्नो चैतन्य स्वरूप साक्षिलाई अबलम्बन गरेर यो दृश्य रूप भोक्ताभावलाई परित्याग गर्नु—तवने सहज साक्षात्कार उत्पन्न हुन्छ।

भोक्ताभाव रहनु सम्म देहादिभाव नष्ट हुन सक्दैन। क्यान्ट, वर्डसवार्ड आदि असाधारण व्यक्तिहरू पनि परिच्छिन्न देहभाव नाघेको छु भनी जनेता पनि भोक्ताभावमा अभिनिवेश युक्त भएको हुनाले तिमीहरू आफ्नो वास्तव अपरिच्छिन्न

आनन्दमयकोष बंधनमय
आत्मसाक्षात्कार उदित हुन्छ

सुखस्वरूपमा पुग्न सक्नु भएन जहाँ सम्म आफ्नो सनातन चित् सुख स्वरूप देखि भिन्न कुनै पदार्थ रहन्छ तहाँ सम्म संस्कार किम्वा अविद्याले (आनन्दमय कोषले) स्थूल र सुक्ष्म ईष्ट अनिष्ट पदार्थहरूलाई उत्पन्न गरीरहन्छ। त्यसकारण अशेष दुःख र जन्म मरणको अवसान (अन्तः)

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

विवेक र विचार

हुँदैन । विवेक पूर्वक विचारको सहाराले पाँचकोष (पञ्च-कोष) देखि अतित शुद्ध बुद्ध संधै प्रकाशित साक्षि स्वरूप मानै दृष्टि निवद्ध राख्ये पछि सारा दृश्यको अत्यन्त अभाव सिद्ध हुन्छ ।

तिमी जीव हैनौ, ईश्वर तिमी देखि भिन्न कुनै वस्तु हैन

तिमी हो अखण्ड सुख स्वरूप दृश्यरहित चैतन्य स्वरूप—तिमीमा जीव र ईश्वर भाव हो कल्पित । सुषुप्तिमा यो तिमी आफुनै अनुभव गरी रहन्छ । सुषुप्ति बाट उठे पछि तिमीबाटनै सारा जगत श्रृष्ट भैहाल्छ र पछि तिमी आफ्नो स्वरूपलाई बिर्सिकन जीव बनेर ईश्वरलाई आफू देखि भिन्न संभि रहन्छ। वास्तवमा तिमी हो आपेक्षिक नियन्ता ईश्वर भावको प्रकाशक—केवल अखण्ड शुद्ध चैतन्य स्वरूप । तिमीमा जीव ईश्वर भेद वास्तवमा छैन ।

प्रश्न :– सुषुप्ति र त्यसपछिको अवस्थाको वारेमा स्पष्ट गरेर बताउनोस् ।

ब्रह्मभाव

उत्तर :– (१) सुषुप्तिकालका तिमी वास्तव अखण्ढ चित् सुख स्वरूपमा अवस्थित् रहन्छौ—यो हो आनन्दको पराकाष्ठा ।

साक्षिभाव (श्रष्टाभाव) सुषुप्ति र जाग्रतको सन्धि (उत्थानकाल)

(२) सुषुप्तिबाट उत्थानभए तिमी चेत्य संयुक्त साक्षि भाव (ईश्वर भाव) प्राप्त हुन्छ—सम्पूर्ण श्रृष्टी अज्ञान युक्त तिमीबाट उठ्छ। यो दृश्यमान सारा जगत हो अविद्या रचित—यसकारण निरन्तर परिवर्तनशील र असत्य । यो आविद्यक पदार्थको लागि के ईच्छा के अनिच्छा गर्नु ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जाग्रतकाल जीवभाव

(३) जाग्रत अवस्था प्राप्त भए तिमी ईश्वर भावलाई (जगतको शृष्टाभावलाई) भुलेर त्यो पैले तिमीबाट शृष्ट भएको जगतको अन्तर्गत यौटा मानिसलाई तिमी आफू भनी निश्चय गर्छौ ।

प्रश्न :– प्रमाता र साक्षिभावको रहस्य के हो ?

उत्तर :– यो अत्यन्त गुढ़ प्रश्न हो—आज सम्म कोई पनि यसलाई जान्नको चाहना गरेको छैन । अत्यन्त श्रद्धापूर्वक सुन !

साक्षि हो शृष्टा । प्रमाता हो शृष्ट जीव । वास्तवमा यो जीव र ईश्वर भावको भित्र एक अखण्ड चैतन्य अनुफव भैरहेको छ । त्यो नै हो तात्वीक वस्तु (पारमार्थिक सत्य वस्तु)—जीव र ईश्वर भाव हो कल्पित । यो कुरा "स्वरूप प्रकाश" ग्रन्थमाला पृष्ठा ११० देखि १११ मा विस्तृत रूपले वर्णित भएको छ ।

प्रश्न :– यो देखाउनुको आशय के हो ?

उत्तर :– आशय यो हो कि जब सम्म आनन्दमय कोष किम्वा अहङ्कार लङ्घन हुँदैन तव सम्म अद्वितीय चैतन्य स्वरूपको स्पष्ट अनुभव सम्भव छैन । आनन्दमय कोषबाट आफ्नो स्वरूपको विवेक आवश्यक छ । सारा शृष्टी म बाट नै भएको छ—त्यसकारण यो वास्तव हैन र म श्रष्टा पनि हैन । शृष्ट प्रपञ्चमा कसरी हाम्रो ईच्छा हुन सक्ला ? त्यसैले म बाट शृष्ट भएको जीवमा—सुखी दुःखी विकारी प्रमाताभाव (म बुद्धि) कसरी सम्भव छ ? एवं प्रकारले साक्षि भावलाई (श्रष्टा भावलाई) निरसन गर्नु पर्छ ।

म कसरी प्रमाता हुन सक्छु ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

प्रश्नः— आनन्दमय कोष लंघनको रहस्य के हो ?

उत्तरः— आनन्दमय कोष हो वासिष्ठ शास्त्रको सम्वेदन । समष्टी वासना संयुक्त चैतन्यलाई (अहंकारलाई) सम्वेदन भएको छ । त्यौ वाट नै जगतको शृष्टी (ईश्वर र जीव भाव) भनेको छ । यो उभए भावको परिहार (सोधन) भएपछि नै शुद्ध सनातन अखण्ड चैतन्य स्वयं प्रकाशित हुन्छ- यसैलाई साक्षात्कार भनेको हो ।

प्रश्नः— लंघन केलाई भन्छ ?

उत्तरः— आनन्दमय कोषको परिभाषा जान्नु देखि आनन्दमय कोषलाई लंघन गर्नु हो अत्यन्त भिन्न । आधुनिक विद्वानहरूले भोक्ता भावलाई वुझ्न सक्दैन –भोक्ता हो प्रमोद रुप (साक्षी आकार) अज्ञानको साभास वृत्ति र त्यसको भोग्य हो अज्ञानको आनन्दाकार वृत्ति । सामान्य रुपले अनुभव गरेता पनि (भोक्ता रुपले स्थित र आनन्द प्राप्त गरेता पनि) आफ्नो भोक्ता स्वभावको विशेष रुपले अनुभव क्यान्ट वर्डस् वर्थ जस्ता पाश्चात्य असाधारण सुधिहरूलाई पनि थिएन -यो तिनीहरूको ग्रन्थवाट जानिन्छ । यसको एकमात्र कारण हो कि यो विद्वानहरूको परिछिन्न अहंवुद्धि दृढ थियो र त्यसकारण यिनीहरूको जगतमा सत्यता वुद्धि दृढ थियो – परिणामले त्या भोक्ता भाव देखि भिन्न र भोक्ता भावको प्रकाशक आफ्नो वास्तव अखंण्ड एकरस चैतन्य स्वरुपलाई अनुभव गर्न सक्दैन । यिनीहरु विज्ञनमयमा अभिमान गरेर कर्ता हुन्छ र आनन्द-

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मयमा अभिमान गर्नाले भोक्ता वन्दछ— कर्ता भोक्तालाई कैले पनि उलंघन गर्न सक्दैन । यिनीहरू जान्दैन कि सारा दृष्य जगत हो अन्तः करणमा (बृति रुपले) स्थित। अत्यन्त देहाभीमानी भएको हुनाले यिनीहरू निर्गुण चैतन्य स्वरुपलाई चिन्न सक्दैन (आफ्नो वास्तव स्वरुपको परिचय हुन सक्दैन) । त्यसकारण यिनीहरूको भोक्ता भाव (अहंकार) सँधै अक्षुण्ण रहिरन्छ ।

प्रश्नः– यो कसरी जानिन्छ ?

उत्तर :– अहंभावमा निवद्ध भएको (रहेको) हुनाले यिनीहरूको त्रिपुटीरुप कर्ता भाव र अविद्या प्रतिविम्वित भोक्ता भाव कैले पनि छुत्दैन । यिनीहरूको अन्तः करणको किम्वा अविद्याको वृत्तिको सहाराले सर्वदा ईष्ट विषय सित संलग्न रहिरहन्छ त्यसकारण सुखी दुःखी विकारी रुपले दृढ हुन्छ (देखिन्छ) । कैले पनि शितल चित्त हुन सक्दैन । जस्तो जाग्रतमा जस्तो अभ्यास गर्छ स्वप्नमा पनि त्यस्तो अनुभव हुन्छ त्यस्तै जिनीहरू स्पष्ट रुपले (त्रिपुटी द्वारा) विषय चिन्तन र पदार्थं संग्रहमा रत रहन्छ (यो हो विज्ञान-मय कोषमा स्थिति) तिनीहरू अन्तः करणको शिथिल अवस्थामा (प्रिय मोद आदि वृत्ति युक्त अज्ञान प्रधान अन्तः करण अवस्थामा किम्वा सविकल्प समाधिमा) आनन्दमय कोषमा भोक्ता रुपले स्थित किम्वा रसा स्वादमा निमग्न हुन्छ केहीकाल परिच्छिन्न सुखको अनु-भव गर्छ । क्यान्ट किम्वा वर्डस् वर्थ त्यहां देखि वढी अनुभव

कर्ता भाव भोक्ता भाव हो परस्पर विजडित (सम्मिलित) हो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गर्न सकेन । ("गीतामृत" ग्रन्थ ६२-६३ पृष्ठा हेर्नुस) ।

प्रश्नः— सम्वेदनलाई कसरी लंघन गर्नु पर्छ ?

उत्तरः-- "गीतामृत" पृष्ठा ६३-६५ मा देखाईएको छ । जो भोक्ता भावलाई जान्दछ त्यो भोक्ता भावलाई लंघन गर्दछ । तिमी भोक्ता भावको प्रकाशक हौ त्यसकारण तिमी अहंकार हैनौ— यसरी सजिलैसित आफ्नो स्वरूपको साक्षात्कार सम्वेदनको लंघन संभव हुन्छ । आनन्दमय कोष (अहंकार) हो अन्तिम (सुक्ष्म तम) दृश्य-- त्यसको परिहार भए मुमुक्षु पुरुष कृतकृत्य हुन्छ ।

प्रश्नः— यो अन्तिम दृश्यलाई परिहार गर्नुको सहज उपाय वताउनोस् ।

उत्तरः— तिमीले यो अतिउत्तम प्रश्न गर्‍यौ-- यसको उत्तर श्रवण गरेपछि अनायासले आफ्नो अखण्ड चैतन्य स्वरुपको साक्षात्कार हुन्छ । अहिले वताइएको छ कि सुषुप्ति र जाग्रतको सन्धिकालमा जो अज्ञान संयुक्त साक्षी (भोक्ता भावको प्रकाशक चैतन्य) रहन्छ त्यो अकस्मात यो दृष्य जगत लाई श्रृष्टि गरीहाल्छ (यो हो युग पत श्रृष्टी, क्रमिक श्रृष्टी हैन) । पछि आफ्नो श्रष्टा स्वरुपलाई विर्सियर श्रृष्ट जगतको यौंटा जीवको शरिरमा म बुद्धि गर्छ र त्यो शरिरको वाहिर धेरै जीव र नाना गृह क्षेत्र नदी पहाड आदि पदार्थ देखेर उस्मा सत्यता बुद्धि गरी हाल्छ । वास्तवमा शरिर आदि

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अन्तवाह्क भाव

आधिभौतिक भाव

जगतको सारा पदार्थ हो भोक्ता आनन्दमयको प्रकाश तिम्रो श्रृष्टि– तिम्रोनै दृढ संकल्पले यो सारा जगत उत्पन्न भएको छ। तर पछि तिमी यो आफ्नो श्रष्टा रुपलाई भुलेर श्रृष्ट देहादि जगतमा म र मेरो बुद्धि गरेका छौ। यस्तो जाने पछि देहादि सारा पदार्थमा सत्यता बुद्धि हराई हाल्छ र कुनै पदार्थमा भोग बुद्धि रहँदैन (ठिक जस्तो स्वप्नको जाग्रत स्वरुपको स्मरण भए स्वप्नको सारा पदार्थमा राग द्वेष नष्ट भै हाल्छ)। यसरी भोक्ता अहकार रुप अन्तिम दृश्यको परिहार सजिलोसित संभव हुन्छ।

प्रश्न:— यो दृश्यमान जगत कसरी म बाट कल्पित भएको हो ?

उत्तर:— भूलले तिमी आफुलाई अरूबाट (आधिभौतिक ईश्वरबाट) श्रृष्ट भएको हो भनी मानेता पनि विचार द्वारा देखिन्छ कि सुषुप्ति जाग्रतको सन्धिकालमा जो अज्ञान संयुक्त साक्षीबाट यो जगत उत्पन्न भएको छ त्यो साक्षी चैतन्य नै हो तिम्रो आफ्नो वास्तव स्वरुप। किनकि भोक्ता भावको अनुभव तिमीले गरेको थियो अरूकाई केही गरेको छैन। त्यो भोक्ता भावलाई जो जानेको थियो त्यो ऐले जाग्रतमा यो जगतलाई अनुभव गरेको छ। त्यसकारण तिमी सुषुप्ति र जाग्रत कालमा एक अद्वितीय वस्तु हो— यो दुई अवस्थामा भिन्न, भिन्न अनुभवीता छैन– यो तिम्रो नै अनुभव बाट सिद्ध छ। श्रुति र युक्ति पनि यसमा प्रकृष्ट प्रमाण विद्यामन छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

जस्तो एकै जना मानिस जाग्रतमा विश्व भैं कन स्वप्नमा तैजस भै हाल्छ ("ज्ञान सर्वस्व" ग्रन्थ पृष्ठा १६-२० हेर्नु स) र स्वप्नमा पुण्यको उदय भएको हुनाले आफुलाई विश्व देखि अभिन्न संझेर(स्मरण गरेर) स्वप्नको सारा दुःख र भ्रमबाट मुक्त भैं हाल्छ त्यस्तो जाग्रतमा विचारवान मानिस आफ्नो साक्षी (जगत श्रष्टा) स्वरुपलाई स्मरण गरेर निज शृष्ट जगतको सारा पदार्थमा इच्छा रहित भएर निरतीसय सुख पूर्वक अवस्थान गर्न सक्छ। यसरी मुक्ति स्वतः सिद्ध प्रमाणित हो ।

प्रश्नः— साक्षी शब्दको अर्थ के हो ?

उत्तरः– साक्षी शब्दको दुई अर्थ छ [१] अज्ञान संयुक्त चैतन्य र [२] निर्गुण अखण्ड शुद्ध (अज्ञान विनिर्मुक्त) चैतन्य (व्रम्ह) ।

प्रश्नः— पैले वताइएको ईश्वर जीव भावको सोधन भिन्न, भिन्न रुपले गर्नु पर्छ कि ?

उत्तरः— पर्दैन। सम्वेदनको परिहार भए जीव र ईश्वर भाव दुईवटा नै निरष्ट भैं हाल्छ किनकि जवसम्म अविद्या रहन्छ तव सम्म त्यसको कार्य अन्त; करण रहन्छ । आनन्दमय कोषको अतिक्रमण भए भोक्ता भाव नष्ट हुन्छ र साथो साथ कर्ता भवाको पनि अन्त भैं हाल्छ । यसरी जीव भाव विनष्ट हुन्छ । जीव र जगत भाव विनष्ट भए ईश्वर भाव (श्रष्टा भाव) रहन सक्दैन– जड र चेतन दुवै भाव (उभए भाव) नष्ट भएजो महा चैतन्य (शुद्ध साक्षी चैतन्य) त्यो माशको अवधि रुपले स्वयं प्रकाशित भैं हाल्छ त्यो हो जीव

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ईश्वर र जगत भावको अधिष्ठान। सम्पूर्ण दृश्य विनष्ट भए जो स्वयं प्रकाश साक्षी चैतन्य परिशिष्ठ रहन्छ त्यो नै एकमात्र परमार्थ सत्य व्रम्ह। वाधित सारा दृश्यको सिमा हो यो स्वयं प्रकाशमान तिम्रो वास्तव सनातन आफ्नो स्वरुप।

हरि ॐ तत्सत्

२२ काँग्रेस एक्जीविशन रोड़
पार्कसर्कस,
कलकत्ता—१७

३।५० वजे
०२३।८।८।४

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

परिशिष्ठ

आवरणको नाश कति कुरा हो

यदि भन्छौ कि आत्माका सामान्य अर्थात् परोक्ष ज्ञानले सत् र चित् अंशको आबृत्ति निवृत्ति हुन्छ किन्तु आनन्द अंश आबृत्त रहन्छ त त्यो कुरा विल्कुलै ठिक हैन किनकि यदि आत्माको ज्ञान भयो तव निर्विभाग आफ्नो चिदानन्द स्वरुपको नै अनुभव भएको छ भनी भन्नु पर्छ। यस्तो हुन सक्दैन कि आत्माको आधा किम्वा चौथा ज्ञान भो र परिपूर्ण आत्माको ज्ञान भएको छैन त यो संभव छैन।

प्रश्नः— यसको कारण के हो ?

उत्तरः— आत्माका ज्ञान हो हरहालतमा परिपूर्ण आत्म स्वरुपको साक्षात्कार। यद्यपि परोक्ष अपरोक्ष ज्ञान आदि शास्त्रमा पाइन्छ ता पनि यस्तो विभाग व्यावहारिक मात्र हो अर्थात् अधिकारीको भ्रान्त अनुभवको अनुवाद गरेर शास्त्र ज्ञानमा प्रवृत्त गराउँछ।

प्रश्नः— त्यसो भए एक पटकको ज्ञानले मुक्त हुन्छ कि ?

उत्तरः— यो शास्त्रको घोषणा हो कि आत्मालाई एक पटक जाने पछि मुक्ति हुन्छ २।४।१० पटक जानीकन आत्म ज्ञानमा अलिकति तारतम्य हुन सक्दैन यदि भनौला परोक्ष ज्ञान

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अपरोक्ष ज्ञानदेखि निकृष्ट हो तब त्यो कुराठिक हैन किनकि वास्तवमा परोक्ष ज्ञान द्वारा आफ्नो स्वरुप यथार्थ ज्ञानलाई वताइएको छैन ।

प्रश्नः— यस्तो, भिन्न, भिन्न भेदको रहस्य के हो ?

उत्तरः— रहस्य हो सारा द्वैत पदार्थको निराकरण पूर्वक आफ्नो वास्तव स्वरुपको साक्षात्कारका उत्पत्तिमा ।

प्रश्नः— जीवन मुक्त पुरुषको व्यवहारको रहस्य र विदेह मुक्तिको रहस्य वताउनोस ।

उत्तरः— अत्यन्त श्रद्धा पूर्वक सुन वताउँदै छु एकै पटक आफ्नो स्वरुपको अनुभव भए मुक्ति सिद्ध हुंछ । पुनः पुनः ज्ञान उत्पन्न गरीकन मुक्ति सिद्ध हुँदैन । मुक्ति हो स्वतः सिद्ध– सवै जीव स्वभावले मुक्त छ । तर त्यो कुरालाई नजानेर आत्म ज्ञान प्राप्तिवाट मुक्ति हुन्छ भनो शास्त्र सज्जन वाट सुनेर आत्म ज्ञानमा यत्न गर्छ अर्थात अनात्म द्वैत प्रपचको अभाव निश्चय गर्छ र तत्कालमा नै आत्म स्वरुप हृदयमा प्रकाशित भै हाल्छ । फेरी फेरी प्रकाशित गरी रहनु पर्दैन– एकै पटकको प्रकाशले आफ्नो स्वरुपको वारेमा जो पहिले अज्ञान थियो त्यो सम्पूर्ण निवारण हुन्छ । दोश्रा पटक ज्ञानले आफ्नो स्वरुपको ज्यादा प्रतिभास किम्वा ज्यादा ज्ञान हुँदैन ।

तर अज्ञानी मनुष्यको दृष्टिमा ज्ञानीको व्यवहार र द्वारा ज्ञानमा भेद कल्पित हुन्छ । आत्मा एकै पटक प्रकाशित भैकन सँधै प्रकाशित भैरहन्छ किन्तु सँधै प्रकाशमान आफ्नो

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

स्वरुपमा भिन्न भिन्न व्यवहार रुप कल्पित द्वैतलाई खडा गरेर ज्ञानको तार तम्य भूमिकाको भेद जीवन मुक्ति विदेह मुक्ति आदि कल्पित हुन्छ। एक दृष्टान्त लिउँ --अँध्यारो कोठामा एकै पटक वत्ती वालेर सारा चिज देखि लिए पछि परिस्थिति वसात फेरी अँध्यारो भए पनि कोठामा देखिएको पदार्थहरूको वारेमा अलिकति पनि कम ज्ञान भएर जाँदैन-- अर्थात् फेरि वत्ति वालेर पदार्थहरूलाई जान्नेको प्रयोजन (जरूरत) रहँदैन ।

राम्रो सित संझने कुरा हो कि वस्तुस्थिति यद्यपि एकनास रहन्छ ता पनि आरोपित कुराले स्थितिमा तार तम्य कल्पित हुन्छ । त्यसकारण ज्ञानीको पैले जीवन मुक्ति पछि ज्ञान परिपाक हुँदै भूमिका वढ़ेर आउँछ र धेरै पछि विदेह मुक्ति हुन्छ ईत्यादि सारा कुरा हो व्यावहारिक मात्र ।

प्रश्नः— त्यसो भए आवरणको वारेमा सार कुरा के हो ?

उत्तरः— सार कुरा यो हो कि एकै छिन आफ्नो वास्तव स्वरूपलाई अनुभव गर्‍यो कि मानिस कृतकृत्य हुन्छ– त्यो कृतकृत्यतालाई कुनै कल्पित भेदले हटाउन सक्दैन । कृतकृत्यता हो वस्तु स्थिति घटेको वढ़ेको आंशीक आवरण निबृत्ति भएको इत्यदि सारा कुरा हो मन बाट रचित कुरा । रचित कुराले वास्तव कुरालाई छुनै सक्दैन त्यसो भए सार कुरा हो कि संधै मुक्त संधै ज्ञान स्वरूप संधै स्वयं प्रकाश

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आफ्नो वास्तव स्वरुप संधै प्रकाशित भैरहेको छ ता पनि विचमा एकै छिनको लागी विस्मृत भएको थियो । तिमी आफ्नो स्वरुपलाई विर्सेको छ र अनात्म वुद्धिकृत जाग्रतादि द्वैत पदार्थहरूलाई मिथ्या भनी निश्चय गरेर हेर, यस्तो गुरुको वचन सुनेर उत्तम मुमुक्षु पुरुष आत्म स्वरुप एकै पटक एकै क्षण प्राप्त गर्‍या कि सदाकालको लागी परिपूर्ण रुपले सारा अंश सुन्ने आफ्नो वास्तव स्वरुप परिपूर्ण रुपले प्रकाशित भै हाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मगन भरा पुग्छ कि

मगन हुनु सदाकालको लागी संभव छैन त्यसकारण मगन भएर सुखी हुनु वन्दैन ।

सुखी हुनको लागी साक्षात्कार चाहिन्छ । साक्षात्कार हो मगन भैकन पनि मगन भएर वस्ने वालालाई प्रकाश गर्नु अर्थात मगन हुनु मगन नहुनु कल्पित हरहालतलाई मिथ्या संम्झेर आफु जस्तो हो त्यस्तै स्थित रहिदिनु ।

यस्तो स्थित हुनुमा दुईवटा कुरा छ यौटा हो आफु वाहेक अरू सारा दृश्य पदार्थलाई तिनैकालमा मिथ्या संम्झनु (यो हो सारा शास्त्रको तात्पर्य) र स्वतः सिद्ध प्रकाश रुप आफ्नो स्वरुप स्वयं भै दिनु ।

यसको सारकुरा यो हो कि मगन भएर वस्नु रुप सविकल्प समाधि किम्वा सुक्ष्म अहंभाव हो आखिरी दृश्य । जहाँ दृश्य हुन्छ त्यहां द्रष्टा पनि हुनु पर्छ । दृश्य कसरी चिन्नु ? जो चाहिं आगमा पाई हुन्छ (सदाकाल रहँदैन) किम्वा आफु वाट प्रकाशित हुँदैन अर्थात आफु आफुलाई जान्दैन त्यो हो दृश्य । मगन सगन सारा हालतमा हेर्नु पर्छ कि आफु वाहेक अरू कुनै कुरा छ कि जहां सम्म अरू कुरा देखिन्छ किनकि (आफु द्रष्टा मौजुद छ) त्यहाँ सम्म आफु एकान्त

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

हुन पाएन— आफ्नो दृश्य रहित स्वरूप फेला परेन । यद्यपि दृश्य रहित स्वरुप त्यहां मौजुदै छ ता पनि मौजुद हुनु बाट आफुको नाफा छैन । यो मौजुद छ भनी जान्नु पर्छ अर्थात दृश्यलाई मिथ्या सम्झि हाल्नु पर्छ । आफु भोक्ता हैन– केही कुराको स्वाद, स्वाद लिनु आफुको छैन आफु हो एक नित्य अखण्ड एक रस वस्तु । यस्तो आफ्नो स्वरुपलाई फेला पार्नु हो साक्षात्कार ।

प्रश्नः— कसरी फेला पार्नु ? आफु दृश्य रहित द्रष्टा हुं भनिकन वुद्धिलाई अचल (त्रिपुटी रहित) राखी दिनु । यस्तो राखी दिनुको नाम हो साक्षात्कार ।

राखी दिए के मिल्छ ? शुद्ध द्रष्टा फेला पर्छ । कसरी ? किनकि आफु दृश्य रहित हुन पाए, दृश्य रहित हुनु हो सारा काम-- दृश्यरहित भोकि साक्षात्कार खडा हुन्छ ।

दृश्यरहित हुनुमानै यत्न गर्नु पर्छ स्वरुपलाई अरू प्रकारले फेलापार्नु परेको छैन । स्वरुप हो स्वतः सिद्ध र सदा प्रकाशित । सम्पूर्ण दृश्यको अभाव भए एकमात्र आफ्नो स्वरुप भासमान हुन्छ यसैको नाम हो साक्षात्कार ।

दृश्यलाई परित्याग गर्नुको अर्थ के हो ?

दृश्य हो मनको वृत्तिरुप । यो वृत्तिहरू हो तिन प्रकारको-- यसलाई त्रिपुटी पनि भनेको छ । यस्मा द्रष्टा दर्शन र दृश्य वसेको छ । द्रष्टा हो संसारी मानिस दृश्य हो संसारको पदार्थहरू र दर्शन हो त्यो पदार्थहरूको ग्रहण किम्वा त्याग । त्यसो भए सारा संसार सारा जगत सारा सुख दुःख स्वर्ग नरक ब्रह्मा विष्णु पृथ्वि स्वर्ग आदि सारा

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

कुरा मनमा वसेको छ ।

त्रिपुटी मनमा भए सम्म मन चलिरहन्छ (मनको चलन भावलाई त्रिपुटी भनेको छ) ।

प्रश्नः— मन कैले सम्म चलिरहन्छ ?

उत्तरः— जव सम्म आफु परिच्छिन्न चेतन हो र जगत सत्य प्रतित भै रहन्छ त्यहां सम्म मन चलिरहन्छ अर्थात त्रिपुटी खडा भै रहन्छ । जगतमा सत्य बुद्धि र शरिर मा आफु वुद्धि दृढ भै रहनु सम्म मनको चलनको अलिकति अभाव हुन सक्दैन जति अभ्यास गरेता पनि-- निरोध समाधि (मगन भएर रहनु) भए पनि मनको चञ्चलता हराउन सक्दैन ।

प्रश्नः– त्यसो भए त साक्षात्कार असम्भव होला ?

उत्तरः— साक्षात्कार असंभव हैन किन्तु मनलाई अचञ्चल तुल्याउन नसक्नु सम्म साक्षात्कार असम्भव हुन्छ ।

प्रश्नः— कसरी मनलाई अचञ्चल तुल्याउनु ?

उत्तरः— सत्संगत र सत्शास्त्रबाट जव सारा त्रिपुटी-लाई मिथ्या भनी मुमुक्षु पुरुषले मानि हाल्छ तब मन अचञ्चल भै हाल्छ । मन अचञ्चल भए मात्र आफ्नो वास्तव स्वरुपका अनुभव हुन सक्छ ।

प्रश्नः— अनुभव कलाई भन्छ ?

उत्तरः– अचञ्चल मनमा साक्षी चैतन्यको छायाँ पर्छ अर्थात अचञ्चल मन बाट आफ्नो शुद्ध चैतन्य स्वरुपको थाहा भै हाल्छ त्यसैलाई अनुभव भनेको छ ।

प्रश्नः– अनुभवको साधन के हो ?

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः— अचञ्चल मन हो अनुभवको एक मात्र साधन।
प्र०— साध्य वस्तु के हो ? उ० अनुभव किम्वा साक्षात्कार हो साध्य वस्तु ।

प्रश्नः— यसको लक्षण के हो ?

उत्तरः— मनको निश्चल भाव हो साभास (अर्थात चैतन्यको छांया युक्त) चैतन्यको छांयालाई किम्वा निश्चल मनमा चैतन्य स्वरुपको प्रतिविम्वलाई अर्थात प्रतिविम्वित चैतन्य स्वरुपलाई साध्य वस्तु भनेको छ। साक्षात्कार साध्य वस्तुमा परिसमाप्त हुन्छ परिणामले साध्य वस्तु मात्र (शुद्ध चैतन्य आफ्नो स्वरुप मात्र बाँकि रहन्छ) ।

प्रश्नः— त्यसो भए दृश्यलाई परित्याग गर्नुको के अर्थ भयो ?

उत्तरः— उम्को अर्थ हो मनलाई अचञ्चल तुल्याउनु--यो निश्चयता गुरूको वचन श्रद्धा पूर्वक ग्रहणबाट (जगतमा मिथ्या त्व निश्चयको उदय पूर्वक) सम्भव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनलाई कसरी शान्त तुल्याउनु पर्छ ?

मनलाई शान्त तुल्याउनुको वाटो हो दुई प्रकारको(१) योग र (२) ज्ञान । योगीहरू मनको वृत्तिलाई क्रम क्रमले निरोध गर्दै मनलाई निश्चल तुल्याएर स्थित हुंन्छ । तर यो निश्चलता आत्यन्तिक हुन सक्दैन किनकि जहां सम्म प्रमाता भाव (साभास मनको सात्विक हिस्सा) रहिरहन्छ (दवेर भएता पनि) तहाँ सम्म मन सदाकालको लागी शान्त हुन सक्दैन । त्यसैले अभ्यास द्वारा निरन्तर शुद्ध चैतन्य आफ्नो वास्तव स्वरुप व्रह्म वस्तुको भावनाको अभ्यासबाट क्रम क्रमले प्रमाता प्रमेय र प्रमाण अर्थात ज्ञाता ज्ञय र ज्ञान किम्वा ध्याता ध्यय र ध्यान हिस्साहरूलाई निरन्तर ब्रह्म भावना वाट नष्ट पार्नु पर्छ । अर्थात् पहिले ध्याताभावलाई हटाई दिनु अर्थात ध्यातापनमा आग्रह अभ्यासको संस्कारले निबृत्त गर्नु– ध्याताभावको निवृत्तिको अर्थ हो ध्यय व्रह्म वस्तुमा ध्याता भावको पर्यवसान गरी दिनु अर्थात सारा मन भरी ध्यय व्रह्मलाई भरी दिनु । यसरी निरन्तर नित्य अत्यन्त श्रद्धा पूर्वक सारालाई व्रह्म रुपले भावना गरी राख्नु । यो व्रह्म भावना उपासना हैन किन्तु ज्ञानको निरन्तर आवृत्ति । यसैलाई योगाभ्यास किम्वा ज्ञान निष्ठा भनेको छ ।

योग हो मध्यम अधिकारीको लागी । मध्यम अधिकारी ज्ञानालोक ग्रन्थमा देखाईएको मार्ग बाट स्वरुप प्राप्त गर्छ— अर्थात ध्ययतालाई छोडिकन ध्ययाकार व्रह्म भावनालाई पनि अतिक्रमण गर्छ। भन्नेको आसय यो हो कि पारमार्थि सद् वस्तु ध्यय हैन । परमार्थ आफ्नो स्वरुप हो सारा कुराबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

उत्तरः— अचञ्चल मन हो अनुभवको एक मात्र साधन ।
प्र०— साध्य वस्तु के हो ? उ० अनुभव किम्वा साक्षात्कार हो साध्य वस्तु ।

प्रश्नः— यसको लक्षण के हो ?

उत्तरः— मनको निश्चल भाव हो साभास (अर्थात चैतन्यको छांया युक्त) चैतन्यको छांयालाई किम्वा निश्चल मनमा चैतन्य स्वरुपको प्रतिविम्वलाई अर्थात प्रतिविम्वित चैतन्य स्वरुपलाई साध्य वस्तु भनेको छ । साक्षात्कार साध्य वस्तुमा परिसमाप्त हुन्छ परिणामले साध्य वस्तु मात्र (शुद्ध चैतन्य आफ्नो स्वरुप मात्र बाँकि रहन्छ) ।

प्रश्नः— त्यसो भए दृश्यलाई परित्याग गर्नुको के अर्थ भयो ?

उत्तरः— उम्को अर्थ हो मनलाई अचञ्चल तुल्याउनु--यो निश्चयता गुरूको वचन श्रद्धा पूर्वक ग्रहणबाट (जगतमा मिथ्या त्व निश्चयको उदय पूर्वक) सम्भव हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

मनलाई कसरी शान्त तुल्याउनु पर्छ ?

मनलाई शान्त तुल्याउनुको वाटो हो दुई प्रकारको(१) योग र (२) ज्ञान। योगीहरू मनको वृत्तिलाई क्रम क्रमले निरोध गर्दै मनलाई निश्चल तुल्याएर स्थित हुंन्छ। तर यो निश्चलता आत्यन्तिक हुन सक्दैन किनकि जहां सम्म प्रमाता भाव (साभास मनको सात्विक हिस्सा) रहिरहन्छ (दवेर भएता पनि) तहाँ सम्म मन सदाकालको लागी शान्त हुन सक्दैन। त्यसैले अभ्यास द्वारा निरन्तर शुद्ध चैतन्य आफ्नो वास्तव स्वरुप व्रह्म वस्तुको भावनाको अभ्यासबाट क्रम क्रमले प्रमाता प्रमेय र प्रमाण अर्थात ज्ञाता ज्ञय र ज्ञान किम्वा ध्याता ध्यय र ध्यान हिस्साहरूलाई निरन्तर ब्रह्म भावना बाट नष्ट पानुं पर्छ। अर्थात् पहिले ध्याताभावलाई हटाई दिनु अर्थात ध्यातापनमा आग्रह अभ्यासको संस्कारले निबृत्त गर्नु- ध्याताभावको निवृत्तिको अर्थ हो ध्यय व्रह्म वस्तुमा ध्याता भावको पर्यवसान गरी दिनु अर्थात सारा मन भरी ध्यय व्रह्मलाई भरी दिनु। यसरी निरन्तर नित्य अत्यन्त श्रद्धा पूर्वक सारालाई व्रह्म रुपले भावना गरी राख्नु। यो व्रह्म भावना उपासना हैन किन्तु ज्ञानको निरन्तर आवृत्ति। यसैलाई योगाभ्यास किम्वा ज्ञान निष्ठा भनेको छ।

योग हो मध्यम अधिकारीको लागी। मध्यम अधिकारी ज्ञानालोक ग्रन्थमा देखाईएको मार्ग बाट स्वरुप प्राप्त गर्छ— अर्थात ध्ययतालाई छोडिकन ध्ययाकार व्रह्म भावनालाई पनि अतिक्रमण गर्छ। भन्नेको आसय यो हो कि पारमार्थि सद वस्तु ध्यय हैन। परमार्थ आफ्नो स्वरुप हो सारा कुराबाट

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

निरपेक्ष किनकि पारमार्थिक सत्य वस्तु हो एक अखण्ड अद्वितीय वस्तु– उस्मा ध्ययभन्ने अवच्छेद छैन । एवं प्रकारले ध्ययता भावलाई पनि परित्याग गरेर (अर्थात ध्याता आफुलाई निशेप निवृत्त गरेर स्थित भए मन सदाकालको लागी शान्त भै हाल्छ ।

यस्तो निवृत्त गर्नुको साधन हो ज्ञान। योगी मनलाई सत्य मानिकन उस्को निरोधमा धेरै यत्न गरेता पनि जहाँ सम्म साभास मनको सात्विक हिस्साको निवृत्ती हुँदैन तहाँ सम्म मन निवृत्ति हुँदैन। मनको नष्ट गर्नेको वाटो हो मनलाई मिथ्या भनिकन निश्चय गर्नु । जो चाहिं क्रम, क्रमले बन्न जान्छ अर्थात जो चाहिं अभ्यास द्वारा सिद्ध हुन्छ त्यो अमन सत्ता जो आफ्नो व्रह्म स्वरुप हो त्यो सरासर मनको मिथ्यात्व निश्चय द्वारा सजिलो सित सम्भव हुन्छ। मन हो रज्जु सर्प भैं मिथ्या यस्तो निश्चय गरे पछि मात्र मनको विनास सम्भव हुन्छ। मन वास्तवमा एकछिनको लागी पनि नभएको हुनाले मनलाई सरासर मिथ्या भनी निश्चय गरे आफु मन रहित भै हाल्न सक्ने र साक्षात्कार पनि स्वतः सिद्ध भै हाल्ने ।

वसिष्ठ भगवान योग र ज्ञानको लक्षण यसरी वताउनु भयो– हे राम मनको वृत्तिलाई अभ्यास द्वारा हताउनु अर्थात घटाउनु लाई योग भनेको छ र मन रहित जो स्वतः सिद्ध वस्तु हो त्यो स्वय प्रकाश स्वतः सिद्ध वस्तुलाई (मन सित विल्कुल नमिलिकन अर्थात मन रहित भएर) साक्षात अनुभव गरी हाल्नुलाई ज्ञान भनेको छ। वास्तवमा उत्तम अधिकारीको

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

लागी मनलाई कल्पित र मिथ्या सम्झे पछि मन सजिलो सित र सदाकालको लागी नष्ट भै हाल्छ ।

सदस्यहरूलाई पदक दिनेको आसय

अत्यन्त अल्पकालको भित्र यो संस्थाको सदस्हरूबाट उनिहरूको हार्दिक प्रयत्नको परिणामले भिन्न भिन्न शाखाहरू मा सत्संग समारोहको शुभ अवसरमा जो आश्चर्य जनक र अत्यन्त प्रसश्य कृतित्व देखायो त्यहाँ बाट सवै दर्शक वृन्दको हृदयमा श्रद्धा र आश्चर्य उत्पन्न भएको छ । त्यसैको परिणामले दुई प्रकारको आसय मनमा लिएर यिनीहरूको सम्वर्धनको लागी भिन्न, भिन्न पदकहरू वितरणको संकल्प खडा भयो ।

यो संकल्प फलिभूत भए सबै सदस्यहरूको आफ्नो, आफ्नो निर्दिष्ट संस्थाको काममा प्रोत्साहनको साथै साथ कर्तव्य परायण भैकन आफ्नो वास्तव स्वरुपमा संधै स्थित रहनेको अवकाश मिल्छ । संस्थाको साराकाम राम्रो सित निर्वाहको लागी केवल व्यवहार कुशलताको आवश्यक होईन किन्तु अप्रच्यूत स्वरूप स्थितिको पनि(सावधानिताको पनि)आवश्यकता छ। यो पदकहरू प्रति सदस्यलाई आफ्नो कर्तव्यलाई मात्र देखा-उँदैन किन्तु आफ्नो स्वरुप स्थितिको पनि सहायक वनिरहन्छ । यसरी व्यवहार सिद्धिको साथो साथ पारमार्थीक स्वरूपको रक्षा गर्नुमा आफ्नो, आफ्नो पदक समर्थ हुन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

अद्वैत संस्थाद्वारा निर्मित ग्रन्थको संक्षिप्त परिचय

ज्ञानालोक

—:*:—

वेदान्त शास्त्रको सर्वोत्तम वाद हो आजात वाद । उसैको सरल शास्त्रोक्त ढंगले निरुपण यो कितावमा पाईन्छ । वेदान्त शास्त्रको सिद्धान्त जान्न परे देखि र सजिलो सित साक्षात्कार प्राप्तिको ईच्छा भए यो ग्रन्थ अवश्य श्रद्धालु मुमुक्षु जनबाट पढन योग्य हो ।

हस्तामलक

यो ग्रन्थ ज्ञानलोक ग्रन्थ देखि अलि सानु हो तर यो हो अतिउत्तम मोक्ष शास्त्र । यस्मा कसरी साक्षात्कार प्राप्त हुन्छ त्यसको वाटो सजिलो सित निरूप नगरिएको छ । यसको वरावर सानु वेदान्त अरू ग्रन्थ छैन ।

आत्म निष्ठा

आत्मज्ञानको वारेमा अतिउत्तम सरल र लघु ग्रन्थ । यसमा सहजरूपले स्वरुपको साक्षात्कार र उस्मा सदाकालको लागी स्थिति वर्णन गरिएको छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

ज्ञान सर्वस्व

यसमा ज्ञानको भिन्न २ वाटो देखाइएको छ यो अत्यन्त सरल र रोचक वेदान्त ग्रन्थ हो । सर्वत्र कठिन ज्ञान उपायहरूलाई सरल रुपले वर्णन गरिएको छ । यसमा निवन्ध जति छ र प्रतिनिवन्ध सरल रूपले एक एक ज्ञानको वाटोलाई सुस्पष्ट रूपले देखाइएको छ । वेदान्त शास्त्रको अनभिज्ञ मानिसले यो किताव पढ़े पछि सजिलो सित ज्ञनवान वन्न सक्द छ ।

सुखको वाटो

यो अति उत्तम वेदान्त ग्रन्थ हो यसमा विशेष गरीकन उत्तम अधिकारीको लागी मोक्षको उपाय सरल र हृदय ग्राहिरूपले निरुपन गरिएको छ । यो ग्रन्थ सानो भएको हुनाले अल्प आयासले उत्तम सज्जनलाई अवश्य ज्ञान प्राप्त गराउन सक्छ ।

ईश्वर-विज्ञान

यो अद्भूत वेदान्त प्रस्थान त्रयको उपर लेखिएको वेदान्तको मुकुट मर्णा ग्रन्थ हो । यसको वरावर वेदान्तको भाषा ग्रन्थ अरू छैन । शास्त्रको अभिज्ञ पुरुषको यो ग्रन्थ बाट अवश्य अत्यन्त मनोरञ्जन हुन्छ । यसमा शन्देह छँन आस्तिक विद्वानले यसमा ईश्वर स्वरुपको विस्तृत रुपले वर्णन पाइन्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

गीतामृत

यो गीता शास्त्र हो अद्वितीय विस्तृत भाषा ग्रन्थ । यसमा शांकर भाष्य र योग वाशिष्ठ ग्रन्थको सहारा बाट सम्पूर्ण गीता शास्त्रको अर्थ स्पष्ट रुपले खोलेको छ। सम्पूर्ण श्लोकहरूको मार्मिक तात्पर्य स्पष्ट रुपले यहाँ भगवान शंकर र भगवान वसिष्ठको अनुसार यहाँ निरूपित भएको छ । यो ग्रन्थ वास्तवमा अतुलनिय हो ।

स्वरुप प्रकाश

यो वेदान्त शास्त्रको सरल प्रमाण ग्रन्थ र प्रमेय ग्रन्थ हो यसमा सरल रितिले भगवान भाष्यकार अनुसार वेदान्तको सारा विषयक निरूपित भएको छ। ग्रन्थ अति दिर्घ हैन किन्तु सरल र सुख वोध्य हो । वेदान्तको कठिन प्रमाण विषयक कुराहरू निरुपित भएको छ।

वाशिष्ठा मृत

यो ग्रन्थ लघु योग वाशिष्ठ हैन किन्तु सम्पूर्ण योगवाशिष्ठ र ज्ञान वाशिष्ठ ग्रन्थ रत्नको हृदय रुप हो । वाशिष्ठ सिद्धान्त सुकठिन भएता पनि यो वासिष्ठ वचन माला ग्रन्थमा योग वासिष्ठको सारा सुक्ष्म कुराहरू सरल रितिले देखाइएको छ । मन लगाएर यो वाशिष्ठ पढ़े पछि सम्पूर्ण योग वाशिष्ठको रहस्य हृदयङ्गम भै हाल्छ ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

आत्मानु सन्धान

वेदान्त पञ्चरत्नको भित्र यो ग्रन्थ हो अन्यतम ग्रन्थ। ज्ञानालोक, हस्तामलक, आत्मनिष्ठा र गीतरहस्य हो बांकि चार रत्न। आत्मानुसन्धान ग्रन्थ सानु भएता पनि बेदान्त शास्त्रको अत्यन्त सुक्ष्म र प्रयोजनिय सिद्धान्तहरु लाई सुबोध्य रूपले प्रवोधन गरेको छ यो एक ग्रन्थ पढ़े पछि मुमुक्षु साक्षात्कारको अत्यन्त समिपमा पुग्न सक्छ।

ज्ञान साधन

यो अत्यन्त विस्तृत रूपले बेदान्त शास्त्रको साधनहरू लाई भिन्न भिन्न ढंगले निरूपण गरिएको छ। ज्ञानसर्वस्व र ज्ञानसाधन यो दुई ग्रन्थ बाट मोक्षोपाय वेदान्तको सम्पूर्ण साधनहरूको परिधान स्पष्टरूपले भँहाल्छ। यो ग्रन्थ सचित्र छ र बिभिन्न भागमा बिभक्त छ। मोक्ष मार्गमा लागेको पुरूषको निम्ति यो सारा साधन सामगृ संमको भण्डार हो।

सानो सानो ग्रन्थ पाँच

गीतासार, गीता रहस्य, आत्म प्रकाश, महौषधि, परमार्थ प्रश्नोत्तरी, गीताको भूमिका यो सानो सानो बेदान्त मोक्षोपायको सरल पाँच ग्रन्थ रत्न हो।

स्वरूपानु भव

यो हिन्दी भाषामा लेखियको बेदान्तको अति उत्तम ग्रन्थ हो यसमा चित्त बिश्रान्ति योग वासिष्टसार लघुवाक्य

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

वृत्ति र रामगीताको सुन्दर बिस्तृत बिबेचनको साथ प्रश्नोत्तर-कोरूपले सम्पूर्ण वेदान्त प्रतिपाद्य विषयहरूको वर्णन छ। हिन्दी भाषामा यस्तो नास्ति दीर्घ सरल र सफल वेदान्त ग्रन्थ छैन।

अमृत वचन

लेखकको जीवनमा प्रयोग गरेको साधनहरूको सरल र विस्तृत वर्णनछ। यो ग्रन्थ पढ़े पछि मुमुक्षुको हृदयमा सम्पूर्ण शंकाहरूको निरशन पूर्वक स्वरूपको पूरापरिचय प्राप्त हुन्छ। यो ग्रन्थ वाट असंख्य नरनारीको मोक्ष मार्गमा दृढता प्राप्त भै सक्को छ यो ग्रन्थ नेपाली जनताको अत्यन्त प्रिय ठहरिएको छ।

परमार्थ पत्रावलि

यो ग्रन्थहो बिभिन्न समयमा भिन्न भिन्न भक्तहरू लाई दिएको पत्रहरूको संग्रह। यस्मा प्रसंग अनुसार मुमुक्षुको साधन हरू र अवश्यम्भावी त्रिपुटीहरूको निरसन देखाईएको छ। यो ग्रन्थ पढ़े पछि साधक पुरूषको सम्पूर्ण प्रतिबन्ध रहित आत्म साक्षात्कार उदय हुन्छ। प्रति पत्र सरल र रोचक हो र साथो साथ अति प्रयोजनिय पूर्ण हो। संक्षेपले यो ग्रन्थ लाई एक उत्तम मोक्षोपाय ग्रन्थ भन्ने हुन्छ। चिठ्ठी पत्रको ढंगले लेखियको हुनाले दुर्बोध्य वेदान्त प्रति पादित बिषयहरू सुबोध रूपले यहाँ देखाईएको छ।

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu

CC-0. In Public Domain. Digitization by eGangotri.Funding: MIDF

Nepal Sanskrit University, Balmeeki Campus, Kathmandu